का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ३०
❒ १७ फागुन २०७६, शनिबार
❒ 29 February 2020, Saturday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# ओलीविरुद्ध मोर्चाबन्दी

## खुमलटारमा प्रचण्डसहित शीर्ष नेताको गोप्य भेला

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष केपी शर्मा ओलीविरुद्ध पार्टीभित्रै मोर्चाबन्दी भएको छ । पार्टीका कार्यवाहक अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहितका शीर्ष नेताहरूले गोप्य भेला गरी ओलीविरुद्ध संघर्ष गर्ने नीति लिएका छन् ।

शुक्रबार प्रचण्ड निवास खुमलटारमा ओलीविरुद्ध संघर्षबारे छलफल गर्न वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाल र उपाध्यक्ष वामदेव गौतमबीच गोप्य छलफल भएको छ। यसअघि यी चारै जना नेताबीच पटक-पटक छलफल भएपनि शुक्रबारको बैठक महत्वपूर्ण रहेको नेताहरूले बताएका छन् ।

ओलीले अर्थमन्त्री युवराज खतिवडालाई राष्ट्रियसभा सदस्यमा दोहोऱ्याउने र अमेरिकन मिलिनियम च्यालेञ्ज (एमसीसी) सम्झौता अनुमोदन गराउने अडान नत्याग्ने देखिएपछि उनीविरुद्ध मोर्चाबन्दी भएको हो । मन्त्री खतिवडाको राष्ट्रियसभा सदस्यको कार्यअवधि सकिन चार दिन मात्रै बाँकी रहँदा र एमसीसी सम्झौता संसदमा विचाराधीन रहेका बेला प्रचण्ड निवासमा निर्णायक बैठक भएको हो ।

स्रोतका अनुसार खतिवडा र एमसीसीका मामिलामा प्रधानमन्त्री ओली झुकेनन् भने उनलाई कसरी अनुशासन उल्लंघनको दायरामा ल्याउने भन्नेबारे उनीहरूबीच छलफल भएको छ।

भेलामा सहभागी एक नेताले मध्यान्हसँगको कुराकानीमा भने, 'हामी गम्भीर हुने अवस्था आयो। पार्टीको निर्णय सबैभन्दा ठूलो मानिन्छ। त्यो मानिएन भने अनुशासन उल्लंघन हुन्छ। हामीले बाध्य भएर छुट्टै छलफल गरेका हौं ।' तीन दिनअघि बुधबार प्रधानमन्त्री ओलीसमेतको सहमतिमा नेकपा केन्द्रीय सचिवालय बैठकले नेता गौतमलाई राष्ट्रियसभा सदस्यमा मनोनीत गर्न राष्ट्रपति विद्यादेवी भण्डारीलाई सिफारिस गर्ने निर्णय गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिएका थिए।तर, त्यसको केही घण्टामै प्रधानमन्त्री ओलीले नेता नेपाललाई फोन गरेर पार्टीभित्र आफूविरुद्ध खेल भएको भन्दै गौतम नभई अर्थमन्त्री खतिवडाकै नाम राष्ट्रियसभा सदस्यका लागि सिफारिस गर्ने चेतावनी दिएका थिए।लगत्तै नेता



नेपालसँगको भेटमा पनि ओलीले आफ्नो अडान दोहोऱ्याएका थिए।

त्योसँगै दाहाल, नेपाल, खनाल र गौतमबीच फोनमार्फत पटकपटक छलफल भइरहेका बेला बिहीबार पनि खुमलटारमा उनीहरूबीच छलफल भएको थियो । यता शुक्रबारको भेलालगत्तै एक कार्यक्रमका लागि चितवन पुगेका प्रचण्डले विमानस्थलमा आयोजित पत्रकारसम्मेलनमा प्रधानमन्त्री ओलीले गौतमलाई नै राष्ट्रियसभा सदस्यमा मनोनित गर्नेमा आफू विश्वस्त भएको

**प्रचण्ड, माधव नेपाल र झलनाथ खनाललगायतका नेताले ओलीविरुद्धको मोर्चाबन्दी कसिलो बनाउँदै गर्दा ओली रक्षात्मक बन्न पुगेका छन्**

बताएका छन्।तर त्यसअघि बुधबार बागमती प्रदेशको प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रमा प्रधानमन्त्री ओली र दाहालले घुमाउरो रूपमा एकअर्कालाई घोचपेच गरेपनि पार्टीमा आफूहरू एक भएको सामूहिक सन्देश दिएका थिए।

प्रधानमन्त्री हुने 'ग्यारेन्टी' भएपछि मात्रै राष्ट्रियसभा सदस्य भन्ने सर्तमा लामो समय अडिग रहेका नेता गौतम अन्ततः निशर्त राष्ट्रियसभामा जान तयार भएका थिए।तर प्रधानमन्त्री ओलीले आफ्ना विश्वासपात्र मन्त्री खतिवडालाई नै राष्ट्रियसभा सदस्यमा दोहोऱ्याउने अडान लिएपछि नेकपाको विवाद उत्कर्षमा पुगेको हो।एमसीसी सम्झौतालाई लिएर पनि नेकपामा विवाद कायमै छ। प्रधानमन्त्री ओली संसदमा विचाराधीन एमसीसी यथास्थितिमा पारित गर्नुपर्ने अडानमा छन् भने दाहाल, नेपाललगायत नेताहरू नेता खनालको संयोजकत्वको अध्ययन कार्यदलले दिएको सुझाव अनुसार परिमार्जन गरेर मात्रै एमसीसी लागू गर्नुपर्ने अडानमा छन्।

## ओली पनि छलफलमा

पार्टी सचिवालयका बहुमत सदस्यहरूले निर्णय कार्यान्वयन गर्दै उपाध्यक्ष वामदेव गौतमलाई नै राष्ट्रियसभामा पठाउन दबाब बढाइरहेका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले पनि छलफल थालेका छन्। प्रधानमन्त्री ओली आफैं र आफू नजिकका नेताहरूमार्फत सचिवालयका सदस्यहरूसँग संवाद थालेका हुन् । बुधबारको सचिवालय बैठकपछि ओली र नेता नेपालबीच पटक-पटक भेटवार्ता भएको छ। ओलीले विपक्षी दलका नेताहरूसँग समेत भेट गरेका छन्। बिहीबार ओली र कांग्रेस नेता शेखर कोइरालाबीच भेट भएको थियो। तर यो भेटलाई अध्यक्ष दाहालले भने सामान्य राजनीतिक प्रक्रिया भनेर टिप्पणी गरेका छन्।

नेताहरूका यस्ता भेटघाट र संवादमा आ-आफ्ना अडानका बीच विकल्पमाथि पनि छलफल भएको सचिवालयका एक बाँकी पृष्ठ २ मा

## नेकपालाई सल्लाहकारकै चुनौती

काठमाडौं/मस- प्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र सल्लाहकार राजन भट्टराईलेसत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को निर्णयलाई चुनौती दिएका छन् । राष्ट्रियसभा सदस्य मनोनित गर्ने अधिकारक्षेत्र पार्टीको नभएको दाबी गर्दै नेकपाको निर्णयलाई भट्टराईले चुनौती दिएका हुन् ।

शुक्रबारकाठमाडौंमा आयोजित एक कार्यक्रममा भट्टराईले राष्ट्रियसभा सदस्यको मनोनयनको अधिकार पार्टीलाई नभई मन्त्रिपरिषद्लाई भएको दाबी गरे । राष्ट्रियसभा सदस्य सम्बन्धमा मन्त्रिपरिषद्ले निर्णय गरेर सिफारिस गरेअनुसार राष्ट्रपतिले अन्तिम टुंगो लगाउने उनले बताए। सचिवालय बैठकले उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने विषयमा पार्टीले सरकारलाई सुझाव मात्रै दिनसक्ने उनको भनाइ छ।

कार्यक्रममा उनले भने, 'मनोनयनको विषयमा बाँकी पृष्ठ २ मा

# कांग्रेसमा फेरि विवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसमा पुनः विवाद सुरु भएको छ । वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीका विभागमा बस्ने नेताहरूको नाम दिन अस्वीकार गरेपछि विवाद फेरिबल्झिएको हो ।

सभापति शेरबहादुर देउवाले शुक्रबार अपराह्न नेता पौडेललाई टेलिफोन गरेर आफूले पार्टीका विभाग गठन गर्ने तयारी गरेको भन्दै विभागमा राख्नुपर्ने नेताहरूको नाम दिन आग्रह गरेका थिए ।तर, पौडेलले भने अब महाधिवेशनको तयारीमा केन्द्रित हुन र विभाग गठनतर्फ नलाग्न देउवालाई सुझाव दिएका छन्।



केन्द्रीय समिति बैठकबाट सभापति देउवाले एकलौटी निर्णय गरेको भन्दै कांग्रेसमा महिनौंसम्म विवाद थियो । महाधिवेशनको मितिलगायतमा लामो विवादपछि सहमति भएको थियो ।

विभाग गठनको विवादका विषयमा आफूले देउवालाई जानकारी गराएको बारे पौडेलले भने, 'सभापतिले विभाग गठन गर्न लागेको छु। विभागमा राख्ने नेताहरूको नाम दिनुस् भनेर टेलिफोन गर्नु भएको थियो । मैले महाधिवेशन भएको दुई महिनाभित्र गठन गरिसक्नुपर्ने विभाग अहिले गठन गर्न आवश्यक छैन। अब महाधिवेशनमा केन्द्रित हुनुपर्छ। विभाग गठन गर्नतर्फ नलाग्नुस्। साथीहरूले मान्दैनन्। म नाम दिन सक्दिनँ भनें ।' बाँकी पृष्ठ २ मा

### बाँस्कोटामाथि कारबाही गर्न ट्रान्सपरेन्सीको माग

## मिश्रविरुद्ध मुद्दा दर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले सेक्युरिटी प्रेस खरिद प्रकरणमा तत्कालीन बहालवाला मन्त्री र अन्य संलग्नमाथि तत्काल कारबाही गर्न माग गरेको छ । यता शुक्रबार नै निवर्तमान सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले अडियो सार्वजनिक गर्ने विजय मिश्रविरुद्ध मुद्दा दायर गरेका छन् ।

बाँस्कोटामाथि कारबाहीको माग गर्दै ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'भ्रष्टाचार उद्योग प्रकरणमा संलग्न तत्कालीन मन्त्रीसहित अन्य संलग्नहरूलाई कुनै पनि शक्ति केन्द्रको दबाब र प्रभावमा नपरी निष्पक्ष तथा निर्भीकतापूर्वक यथाशीघ्र कारबाही प्रक्रियाअगाडि बढाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत सम्बन्धित निकायहरूको गम्भीर ध्यानकर्षण गराउँछौं ।'

तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाको अडियो प्रकरणका विषयमा टिप्पणी गर्दै भ्रष्टाचारीमाथि निर्मम कारबाही गर्नसमेत आग्रह गरेको छ ।

विज्ञप्तिमा बाँस्कोटा प्रकरणका विषयमा भनिएको छ, 'हालै मात्र सेक्युरिटी प्रेस खरिद प्रकरणमा तत्कालीन बहालवाला बाँकी पृष्ठ २ मा

# महिलालाई लाठी हान्ने इन्स्पेक्टरमाथि छानविन शुरू

काठमाडौं/मस- काखमा बच्चा बोकिरहेकी महिलालाई लाठी हान्ने प्रहरी निरीक्षक देवीप्रसाद पौडेलमाथि छानविन शुरू गरिएको छ । महानगरीय प्रहरी प्रभाग, भैंसेपाटीका प्रहरी निरीक्षक पौडेलमाथि हेमा श्रेष्ठमाथि लाठीले हानेका थिए ।

नेपाली सेनाका अवकाश प्राप्त सहायक रथी हेम खत्रीको घर घेर्ने टोलीमा सहभागी श्रेष्ठलाई लाठीले हानेको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको थियो ।

प्रहरी प्रधान कार्यालयबाट निर्देशन आएपछि ललितपुर प्रहरी परिसरले छानविन शुरू गरेको हो । निर्देशनपछि ललितपुर प्रहरीले प्रहरी उपरीक्षक (एसपी) दुर्गा सिंहको नेतृत्वमा तीन सदस्यीय छानविन समिति बनाएर छानविन थालेको छ ।

समितिलाई घटनाबारे यर्थाथ विषय पत्ता लगाएर प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ । प्रतिवेदनको रायको आधारमा पौडेलले कारबाही गर्ने वा नगर्ने निर्क्योल हुने प्रहरीले जनाएको छ । समितिले पौडेललाई प्रारम्भमा स्पष्टिकरण सोध्ने तयारी गरेको छ ।

समग्र प्रकरणको विषय एकातिर भए पनि महिलालाई नियन्त्रणमा लिने क्रममा पुरुष प्रहरीले बल प्रयोग गर्नु गलत भएको प्रहरी उच्च अधिकृतहरु बताउँछन् । ललितपुर प्रहरी प्रमुख एसएसपी टेकप्रसाद राईले छानविन सुरु गरिसकिएको र दोषी देखिए कारबाही हुने बताए ।

**को हो घटना ?**

महानगरीय प्रहरी परिसर, ललितपुरमा भदौमा खत्रीले तीन महिलाले आफूमाथि कुटपिट गरेको भन्दै उजुरी दिएका थिए । मोबाइलसमेत लुटेर लगेको उनको दाबी थियो । उजुरीउपर सुनुवाई गर्ने क्रममा अन्य दुई जना भागे भने माला शाहसँग प्रहरीले सोधपुछ गऱ्यो ।

त्यस क्रममा शाह र खत्रीको सम्बन्ध सतहमा आयो र अनुसन्धानले अर्को मोड लियो । यो विषय प्रहरीमा पुग्नु अगावै शाहले सामाजिक सञ्जालमा त्यसबारे अभिव्यक्ति दिँदै आएकी थिइन् ।

शाहले खत्री आफ्नो श्रीमान भएको र दुई दशकदेखि सँगै बसेको दाबी गरिन् । त्यसैले नाता प्रमाणित गरिदिनुपर्ने उनको माग थियो । तर, खत्रीले द्वन्द्वको समयमा शाह आफ्नो एक जना सूचक मात्र भएको दाबी गरे । त्यसबाहेक कुनै सम्बन्ध नरहेको उनको दाबी थियो ।

ललितपुर प्रहरीले दुवै पक्षलाई राखेर ६ पटकसम्म छलफल गरायो । महिलाले खत्रीलाई छोराछोरी पढाउन २० लाख रुपैयाँ पनि दिएको दाबी गरेकी छन् । त्यो पनि फिर्ता पाउनुपर्ने उनको दाबी छ ।

कानूनतः नाता प्रमाणितका



लागि अदालत जानुपर्छ । यद्यपि, दुई पक्षबीच छलफलबाट कुनै निकास ननिस्किएपछि प्रहरीले घटनामा चासो दिन छाडेको थियो ।

अ ि न त म म ा प्रहरीले शाहलाई कुनै वकिलको सहयोग लिएर अदालत वा महिला आयोगमा जान सुझायो । त्यसपछि खत्रीको घरमा आफूलाई मानवअधिकारकर्मी बताउने विभिन्न व्यक्तिले नियमितजसो धर्ना दिन थालेका थिए ।

बिहीबार पनि यही क्रममा महिलाको एक हुल युट्युबरसहित धर्ना दिन पुगेकी थिइन् । भित्र छिरेर तोडफोड गर्न थालेपछि घरमा रहेकी छोरीले बाँकी पृष्ठ २ मा

# कोरोना कहर : वैदेशिक रोजगार प्रभावित हुने डर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

कोरोना भाइरस विश्वव्यापी प्रकोप बनेको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को घोषणासँगै नेपालको वैदेशिक रोजगारक्षेत्र प्रभावित हुने खतरा बढेको छ । नेपालीको मुख्य रोजगार गन्तव्य खाडीलगायतका मुलुकमा कोरोना भाइरस (कोभिड १९) को संक्रमण फैलिएसँगै वैदेशिक रोजगारमा त्यसको असर पर्ने आकलन गरिएको हो ।

ठूलो संख्यामा नेपाली कामदार जाने मुलुकमध्ये दक्षिण कोरिया, यूएई, बहराइन र कुवेतमा कोरोना भाइरसका सक्रमित देखापरेका छन् । त्यस्तै, नेपाली कामदारहरूको आकर्षक रोजगार गन्तव्य मानिने मलेसियामा पनि कोरोना भाइरसका संक्रमितहरू भेटिएएका छन् । सबैजसो मुलुकहरूले विश्वव्यापी महामारीको रूप लिएको कोरोना भाइरसको रोकथामको उच्चतम प्रयास गरेको बताएका छन् ।

तर, शुक्रबार विश्वस्वास्थ्य संगठनको नयाँ चेतावनी आएसँगै त्यसले विश्व अर्थतन्त्रलाई नै असर पार्ने चिन्ता व्यक्त भएको छ । संसारभरको शेयर बजारमा सन् २००८ मा देखापरेको संकटपछि खराब अवस्था आएको बीबीसीले उल्लेख गरेको छ ।

कोरोनाभाइरसको प्रकोप फैलिएपछि लगानीकर्तामा देखिएको डरका कारण शेयर बजारसँगै अन्य क्षेत्रमा समेत असर पार्ने र जसमा कारण विश्वव्यापी आर्थिक मन्दी देखिने डरसमेत देखिएको छ ।

विश्व स्वास्थ्य संगठनले गरेको साप्ताहिक ब्रिफिङमा नेपाल पनि कोरोना भाइरसको उच्च जोखिममा सूचीमा परेको जनाएको छ । नेपालसँगै दक्षिण एसियाका भारत श्रीलंका, पाकिस्तान र अगगानिस्तान पनि कोरोना भाइसरको उच्च जोखिममा छन् ।

विश्व स्वास्थ्य संगठनको पछिल्लो भनाइले नेपालबाट वैदेशिक रोजगारीमा जाने नयाँ कामदार प्रभावित हुने वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ । नेपालबाट नयाँ र रिटर्नीसमेत गरी हाल दैनिक सरदर दुई हजार कामदार वैदेशिक रोजगारीमा जाने सरकारी अनुमान छ । त्यसमध्ये ईपीएस प्रणालीबाट दक्षिण कोरिया जाने तयारीमा रहेका कामदारहरू समेत कोरोना भाइरसको आतंकले त्यसतर्फ जान सकेका छैनन् ।

सरकारले हवाईमार्गबाट नेपाल प्रवेश गर्ने मुख्य नाका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षाको उचित प्रबन्ध गर्ने बताएको छ । तर स्वास्थ्य मन्त्रालयले सञ्चालन गर्दै आएको हेल्थ डेस्क कर्मचारीविहीन छ ।

**वैदेशिक रोजगार विशेष**

## दूतावासका नक्कली कर्मचारी पक्राउ

काठमाडौं/मस-अमेरिका पठाइदिने भन्दै लाखौं रूपैयाँ ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

सिन्धुपाल्चोकको मेलम्ची-९, ज्यामिरेडाँडाका ४१ वर्षीय विकास भन्ने केदार खड्का प्रहरीको फन्दामा परेका हुन् ।

'अमेरिकी राजदूतावासको कार्यकारी व्यवस्थापक हुँ' भन्दै नक्कली परिचयपत्र देखाएर ठगी गरेको भेटिएपछि खड्कालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, खड्काले आकर्षक रोजगारीका साथै अमेरिकामा ग्रिनकार्ड दिलाइदिने र पछि परिवारका सदस्यहरू पनि लैजान सकिने प्रलोभन देखाउँदै कैयन व्यक्ति ठगेको पाइएको छ । भिसाका लागि दूतावासका कर्मचारीलाई रकम दिनुपर्ने भन्दै उनले रकम असुल्ने गरेका थिए ।

# काँग्रेसले क्रियाशील सदस्यता आठ लाख पुऱ्याउँदै

भीष्मराज ओझा/रासस

नेपाली काँग्रेसले पार्टीको १४ औँ महाधिवेशनको तयारीका लागि आजदेखि नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न शुरु गरेको छ । पार्टीको विधानले तोकेको कार्यविधिबमोजिम प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्न शुरु गरेको पार्टीले जनाएको छ ।

सङ्गठनमा महत्वपूर्ण मानिने काँग्रेसका क्रियाशील सदस्य सङ्ख्या हाल स्वदेश र विदेश (काँग्रेसका जनसम्पर्क समिति) गरी करिब पाँच लाख रहेको पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले राससलाई जानकारी दिए । केन्द्रीय कार्यसमितिको गत माघ २९ गतेको बैठकले विद्यमान क्रियाशील सदस्य सङ्ख्याको बढीमा ५० प्रतिशत नयाँ क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो ।

यसैगरी काँग्रेसमा समायोजना भएका नेपाल लोकतान्त्रिक फोरम, अखण्ड नेपाल, नेपाल समता पार्टीलगायत दल र पार्टीको जागरण अभियानका क्रममा देशभर विभिन्न राजनीतिक दलबाट काँग्रेसमा प्रवेश गरेका करिब एक लाख नेता कार्यकर्तालाई पनि छानबिन गरी क्रियाशील सदस्यता प्रदान गरिने उनले बताए । यो सबै जोड्दा क्रियाशील सदस्यता आठ लाख बढी हुनेछ । लोकतान्त्रिक फोरमले मात्र करिब २५ हजार नयाँ क्रियाशील सदस्यता माग गरेको छ ।



**अन्तरिम संरचना समायोजन अन्तिम चरणमा**

काँग्रेस केन्द्रीय समितिको यस अघिको बैठकले मुलुकको नयाँ संघीय संरचनाअनुसार पार्टीको अन्तरिम संरचना समायोजनको कार्य यही फागुन १५ गतेसम्म गरिसक्ने निर्णय गरेको थियो । अन्तिमसम्म करिब ३५ जिल्लाले पूर्ण र बाँकी जिल्लाले ९० प्रतिशत समायोजनको कार्य सम्पन्न गरेका छन् ।

समायोजनको काम नसकी क्रियाशीय सदस्यता वितरण गर्न नपाइने भएकाले स्थानीयस्तरमा समायोजन सम्पन्न गर्न जिल्ला कार्यसमितिलाई दबाब बढ्ने पार्टी कार्यालयको आँकलन छ । अबको दुई/चार दिनमा समायोजन सकिने पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणका लागि पार्टी कार्यालयले बिहीबारदेखि फारम वितरण शुरु गरिसकेको छ । केही जिल्ला सभापतिले आवश्यक कागजात लगिसकेको उनले बताउनुभयो ।

काँग्रेसले नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरण आगामी चैतसम्म सम्पन्न गर्नुपर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ । काँग्रेसले क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न तथा पार्टीका विभिन्न तहका साङ्गठनिक संरचनाको अधिवेशन र केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने प्रयोजनका लागि मात्र विधानका केही दफा निलम्बनसमेत गरेको छ ।

**क्रियाशीय सदस्यतासम्बन्धी केही प्रावधान निलम्बन**

पार्टी विधानको दफा ४ मा काँग्रेसमा सदस्य र क्रियाशील सदस्य रहने व्यवस्था गरिएको छ । काँग्रेसको सदस्यता प्राप्त गरेको सदस्यले एक वर्ष पुगेपछि मात्र क्रियाशील सदस्यता प्राप्त हुने विधानको व्यवस्था छ । केन्द्रीय समिति बैठकले १४ औँ महाधिवेशनका लागि 'साधारण सदस्यता लिएको एक वर्ष पुगेपछि' मात्र क्रियाशील सदस्यता प्राप्त हुने प्रावधानलाई निलम्बन गरेको छ । काँग्रेसको नयाँ क्रियाशील सदस्यता वितरण गर्दा वडाको जनसङ्ख्याको बनोटलाई मध्यनजर गरी समानुपातिक समावेशितालाई ध्यानमा राखी वितरण गर्ने जनाएको छ ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले वितरण गरेको नयाँ क्रियाशील सदस्यता र जिल्ला कार्यसमितिले नविकरण गरेको क्रियाशील सदस्यताको सूची प्रकाशन, केन्द्रमा पठाउने, छानबिन गरी केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची २०७७ साल साउनसम्म केन्द्रीय निर्वाचन समितिलाई बुझाउनुपर्ने अवधि निर्धारण गरिएको छ ।

**१४ औँ महाधिवेशनको तयारी**

काँग्रेस केन्द्रीय कार्यसमितिको गत माघ १३ गते बसेको बैठकले गाउँ/नगर वडा अधिवेशन- २०७७ साल कात्तिक १६ गते, गाउँ/नगरपालिका अधिवेशन कात्तिक १८ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन कात्तिक २१ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २३ गते गर्ने निर्णय गरेको थियो । यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २५ गते, प्रदेश अधिवेशन मङ्सिर २९ गते र केन्द्रीय महाधिवेशन २०७७ साल फागुन ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ ।

काँग्रेसको १३औँ महाधिवेशन विसं २०७२ फागुन २० देखि २३ गतेसम्म काठमाडौँमा भएको थियो । पार्टी विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुने उल्लेख छ । साथै सोही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था छ । विधानको सोही प्रावधानमा टेकेर काँग्रेसले पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि यही फागुन २० गतेदेखि लागू हुने गरी २०७७ साल फागुन १९ गतेसम्म एक वर्षका लागि थप गर्ने निर्णय गरिसकेको छ ।

# राष्ट्रपति भण्डारीद्वारा उग्रताराको दर्शन

**परशुरामधाम/रासस–** राष्ट्रपति विद्यादेवी भण्डारीले सुदूरपश्चिमकै प्रसिद्ध धार्मिक शक्तिपीठ उग्रतारा मन्दिरमा माता भगवतीको दर्शन गरेकी छिन् । सुदूरपश्चिम प्रदेशको भ्रमणमा रहेकी राष्ट्रपति भण्डारीले शुक्रबार अमरगढी नगरपालिका-८ स्थित उग्रतारा भगवतीको दर्शन गरेकी हुन् । उनले करीब ४५ मिनेट उग्रतारा मन्दिरमा पूजापाठ गरिन् । सो अवसरमा उग्रतारा वेदविद्याश्रममा अध्ययनरत वटुकले स्वस्तिवाचन गरेका थिए । मन्दिरमा राष्ट्रपति भण्डारी पुग्दा बाजागाजासहित स्वागत गरिएको थियो ।

राष्ट्रपतिको स्वागतमा सुदूरपश्चिम प्रदेश प्रमुख शर्मिलाकुमारी पन्त, मुख्यमन्त्री त्रिलोचन भट्ट, भौतिक पूर्वाधार विकासमन्त्री पठानसिंह बोहरा तथा जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, मन्दिरका पुजारी, धामी, झणिया, लौगटिया, उग्रतारा क्षेत्र विकास समितिका पदाधिकारी, पूर्वपदाधिकारी पनि पुग्नुभएको थियो । सो अवसरमा अमरगढी नगरपालिकाले राष्ट्रपतिलाई नागरिक अभिनन्दन गरेको थियो । उग्रतारा क्षेत्र विकास समितिले पनि राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दनपत्र प्रदान गरेको छ ।



यसैबीच, राष्ट्रपति भण्डारीले नागरिक अभिनन्दनको प्रत्युत्तर दिँदै सुदूरपश्चिम प्रदेश साँस्कृतिक, प्राकृतिक सम्पदा र सौन्दर्यले भरिपूर्ण भएको बताइन् । 'यहाँ प्राकृतिक सम्पदा र पुण्य धामहरू रहेका छन् । यहाँका राष्ट्रको ध्यान पुगेन कि भन्ने सोचाइहरू पनि छन् । तर त्यसो होइन । राष्ट्रको दाहिने हात, दाहिने आँखा सुदूरपश्चिम हो । त्यसैले यहाँ राष्ट्रको ध्यान आकर्षित भएको छ ।' सरकारले सबै ठाउँका जनतालाई समान ढङ्गले हेरिरहेको बताउँदै उनले सुदूरपश्चिम प्रदेशको चौतर्फी विकासका लागि पनि लागिपरेको छ भनिन् ।

# तेजाब प्रहार गर्ने केशरीलाई आठ वर्ष कैद

**हेटौंडा/मस–** जिल्ला अदालत मकवानपुरले हेटौँडाकी बिन्दवासिनी कंशकारमाथि तेजाब प्रहार गर्ने भारतीय नागरिक दिलीपराज केशरीलाई आठ वर्ष कैद र रु एक लाख जरिवाना गर्ने फैसला गरेको छ ।

साथै पीडित कंशाकारको उपचारमा खर्च भएको रु एक करोड १४ लाख ८५ समेत पीडकबाट भराउन तथा पीडकबाट सम्भव नभए राज्यको कोषबाट भए पनि उपलब्ध गराउन अदालतले आदेश दिएको छ । जिल्ला न्यायाधीश कमलराज विष्टको इजलासले बिहीबार सो आदेश दिएको अदालतले जानकारी दिएको छ ।

अदालतले कंशाकारमाथि तेजाब प्रहार गर्ने केशरीलाई भगाउन सहयोगी भूमिका निर्वाह गरेको भन्दै हेटौँडाका सञ्जय मण्डललाई दुई वर्ष छ महिना कैद सजायसहित रु ४० हजार जरिवाना गर्ने निर्णय गरेको जनाइएको छ ।

विवाहको प्रस्ताव अस्वीकार गरेको भन्दै केशरीले कंशाकारमाथि विसं २०७० वैशाख ९ गते पसलमा बसिरहेको समयमा तेजाब प्रहार गरेका थिए । प्रहारपछि मण्डलको मोटरसाइकल चढेर केशरी भागेका थिए । वीरगञ्ज हुँदै भारत भागेका उनीलाई छ वर्षपछि मकवानपुर प्रहरीले भारतबाटै पक्राउ गरेर ल्याएको थियो । आक्रमणबाट अनुहार तथा शरीरको अन्य भागमा गम्भीर असर पुगेको कंशाकारले नेपाल तथा भारतका विभिन्न अस्पतालमा उपचार गराउँदै आइरहनुभएको छ ।

# 'चुच्चेढुङ्गा'बाट मासिक २४ हजार आम्दानी

**बनेपा/रासस–** पर्यटकीयस्थल देवीस्थानडाँडामा रहेको चुच्चेढुङ्गाबाट यहाँका स्थानीयले मासिक करिब रु २४ हजारभन्दा बढी आम्दानी गर्दै आइरहेका छन् । काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-९ देवीस्थानडाँडा घुम्न आउने पर्यटकबाट उठाउने शुल्कले सो आम्दानी भएको हो । 'चुच्चेढुङ्गा' मा चढ्न रु १० शुल्क लाग्ने गर्दछ ।

धुलिखेलको सबैभन्दा अग्लो स्थानमा रहेको सो डाँडा व्यक्तिको निजी जग्गा रहेका कारण व्यावसायिकरूपमा टिकटको व्यवस्था गरिएको हो । त्यहाँबाट हिमालका दृश्यावलोकन गर्नुका साथै वरिपरिका विभिन्न मनोरमस्थल हेर्न पाइने भएकाले मनोरञ्जनका साथै आनन्द लिनका लागि पुग्ने आन्तरिक तथा बाह्य पर्यटकले चुच्चेढुङ्गा चढेवापत सो शुल्क तिर्नुपर्छ । पहिला खुलारूपमा घुम्न र सो ढुङ्गामा चढ्न पाएको भए पनि पछिल्लो समयमा जग्गाधनीले ढुङ्गा भएको वरिपरि तारबार गरेर टिकटको व्यवस्था गरेपछि कमै मान्छेले मात्रै सो ढुङ्गा चढ्ने गरेका छन् । सबैको रोजाइ चुच्चेढुङ्गा चढ्ने नभए पनि विशेषगरी बालबालिका र युवायुवती जोडीको पहिलो रोजाइ चुच्चेढुङ्गा चढ्नु र तस्वीर खिच्नु रहेको पाइन्छ ।

त्यसरी चढ्न जानेहरूले काटेको टिकटबाट मात्रै दैनिक रु ८०० भन्दा बढी रकम सङ्कलन हुने गरेको व्यावसायिक प्रजिता श्रेष्ठले जानकारी दिइन् । 'दैनिक रु ८०० को हाराहारीमा रकम जम्मा हुन्छ', उनले भने, 'शनिबार र बिदाको दिन मान्छेको आगमन बढी नै हुन्छ ।'

पहिले खुला रहेको डाँडामा पर्यटकको आगमन बढ्न थालेपछि सो ठाउँ अहिले होटल र रिसोर्टका साथै साना खुद्रुके पसलले भरिन थालेका छन् । जहाँ एकपछि अर्को गर्दै व्यवसायीले होटल र साना पसल राख्न थालेपछि खुलारूपमा घुम्न पाउने अवस्था अन्त्य भएको छ । व्यवसाय आफ्नो-आफ्नो जग्गामा घेराबार लगाएर वनभोजस्थल र उद्यान बनाउन थालेका छन् ।

घुम्न आउनेले गरेको विभिन्न प्रकारका फोहर व्यवसायी मिलेर नै सङ्कलन गरी व्यवस्थापन गर्ने गरेको व्यवसायी श्रेष्ठले बताए । 'हामीले जम्मा पारेको फोहरलाई नगरपालिकाले हप्ताको दुईपटक उठाउँछ', उनले भने, 'हामीले यहाँ फोहर टिप्नका लागि दुई जनालाई मासिक रु नौ हजारका दरले दिने गरी मान्छे राखेका छौँ ।'



सो ठाउँमा पुगेका कतिपयले भने अनावश्यकरूपमा रकम मात्रै सङ्कलन गरेर दुःख दिने काम गरेको प्रतिक्रिया दिएका छन् । काठमाडौँबाट घुम्नलाई देवीस्थानडाँडा पुगेका विपीन श्रेष्ठले भने, 'पैसा तिरेवापत हामीले के नै पाउँछौँ र ? पहिला आउँदा यसरी पैसा तिर्नुपर्ने थिएन, अहिले आउँदा पैसा तिरेर आउनुपऱ्यो, अझ ढुङ्गा चढ्नका लागि छुट्टै तिर्नुपर्ने रहेछ', उनले भने, 'यसले यहाँ आउने पर्यटकका लागि राम्रो सन्देश दिँदैन ।'

तेमाल गाउँपालिका-६ ठुलोपर्सेलका सुनिल तामाङले पैसा तिरेअनुसारको कुनै सुविधा नभएकाले पैसा तिरेर धुलिखेलडाँडा घुम्न जानुको कुनै औचित्य नरहेको बताए । 'पैसा तिरेपछि त त्यहीअनुसारको सुविधा हुनुपऱ्यो नि, केही सुविधा छैन, पैसा मात्रै कमाउने काम गरेका रहेछन् व्यवसायीले, हामीले तिरेको पैसाले खै त यहाँको संरचनामा परिवर्तन आएको ?', उनले भने ।

धुलिखेल-८ पिपलबोटबाट शुरु भएको हजार सिँढी चढेर माथि पुगेपछि आउने देवीस्थानडाँडा सबैको रोजाइको स्थल भए पनि पछिल्लो समयमा टिकट काटेर पैसा लिने तर व्यवस्थापन राम्रो नभएको गुनासो गरेका छन् । यसअघि हजार सिँढी शुरु हुने ठाउँमा गौखुरेश्वर सामुदायिक वन उपभोक्ता समिति र नगरपालिकाले संयुक्तरूपमा हजार सिँढी तथा देवीस्थान उद्यान प्रवेश शुल्कको नाममा टिकट काट्ने व्यवस्था गरिएको थियो । पछिल्लो समयमा नगरपालिकाले वार्षिक रु १८ लाखमा ठेक्कामा केएल विल्डर्सलाई जिम्मा दिएको छ । हजार सिँढी र देवीस्थान उद्यान प्रवेश शुल्क भनेर प्रतिव्यक्ति रु २०, विद्यार्थीलाई रु १०, विदेशी नागरिकलाई रु १०० र सार्क राष्ट्रका नागरिकलाई रु ५० लिने गरेको छ ।

# जनशक्ति अभावमा काम गर्न गाह्रो भो : मुख्यमन्त्री पौडेल

**हेटौंडा/मस–** वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले आवश्यक जनशक्ति अभावमा प्रदेश सरकारलाई काम गर्न अप्ठ्यारो परिरहेको बताएका छन् । प्रदेश लोकसेवा आयोग वाग्मती प्रदेशद्वारा बिहीबार यहाँ अयोजित 'अन्तर प्रदेश लोकसेवा आयोग' सम्बन्धी कार्याशालालाई सम्बोधन गर्दै उनले सङ्घीय सरकारले निजामती सेवा ऐन नबनाउँदा प्रदेशलाई कार्यसम्पादनमा समस्या परेको बताए ।



मुख्यमन्त्री पौडेलले सबै प्रदेशले छलफल गरेर एउटै प्रकारको ऐन निर्माण गर्दा समस्या नपर्ने उल्लेख गर्दै देशका प्रायः सबै निकायको कार्यसम्पादनमा प्रश्नहरू उठिरहँदा लोकसेवा आयोगप्रति कसैले पनि प्रश्न उठाउन नसकेको बताए । उनले भने, 'लोकसेवा आयोगको गरिमा र विश्वसनीयतालाई प्रदेश लोकसेवा आयोगले बचाएर काम गर्नुपर्छ ।'

वाग्मती प्रदेश प्रदेशसभा सभामुख सानुकुमार श्रेष्ठले कर्मचारी छनोट गर्दा प्रविधिको वर्तमान युगअनुसार चल्न सक्ने खालका छनोट गरिनुपर्ने बताए ।

काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासन्दर शाक्यले कर्मचारीले एकपटक पास भएपछि निवृत्त नहुञ्जेलसम्म अर्को कुनै पनि परीक्षा पास गर्नुनपर्ने र कामका लागि मरिमेट्ने कर्मचारी र कामचोर कर्मचारीको पनि बढुवालगायतको प्रक्रिया उस्तै हुनु वैज्ञानिक विधि नभएकाले विचार गर्न अनुरोध गरे ।

# 'मुख्यमन्त्री राई मेरा पति हुन् भन्दै मुद्दा'

**काठमाडौं/मस–** प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राई आफ्नो पति भएको भन्दै दोलखाकी बालिका खड्काले अदालतमा मुद्दा हालेकी छिन् । काठमाडौं जिल्ला अदालतमा नाता कायम गरि 'अंश दिलाई पाऊँ' भनि मुद्दा दायर गरेकी हुन् ।

राई विरुद्ध मुद्दा दर्ता भएको काठमाडौं जिल्ला अदालतका स्रेस्तेदार आनन्दराज श्रेष्ठले जानकारी दिए ।

मुद्दामा खड्काले आफूलाई मुख्यमन्त्री राईले शारीरिक यातना दिएको तथा यौन दुर्व्यवहार गरी घरेलु हिंसा गरेको आरोप लगाएकी छिन् ।

खड्काले दायर गरेको मुद्दामा आफूलाई सञ्चार मन्त्री भएका बखत राईले राजधानीको गोल्फुटारमा कोठा लिई राखेको उल्लेख गरेकी छिन् । साथै आफू राईसँग ७१ सालदेखि सँगै रहेको दाबी गरेकी छिन् ।

राई मुख्यमन्त्री भैसकेपछि पनि आफूले विराटनगर गएर भेट्न खोजे पनि बेवास्ता गरेको उनले मुद्दामा उल्लेख गरेकी छिन् । उनले आफूलाई भएको अन्यायबारे नेकपाका शिर्ष नेताहरूलाई जानकारी दिन खोज्दा बेवास्ता गरेको दावी गरेकी छिन् । अदालतले मुद्दा दर्तासँगै मुद्दा पेशी समेत तोकिसकेको स्रेस्तेदार श्रेष्ठले जानकारी दिए ।

## ओली...

सदस्यले बताएका छन्। पार्टी निर्णयअनुसार नेता गौतमलाई राष्ट्रिय सभामा लैजाने र खतिवडालाई मन्त्रीमा थप ६ महिना निरन्तरता दिने विकल्पमाथि पनि छलफल भइरहेको ती नेताले बताए। अध्यक्ष दाहालले पनि शुक्रबार चितवनमा यो विकल्पबारे संकेत गर्दै भने, 'अर्थमन्त्री हुनका लागि राष्ट्रिय सभामा जानैपर्छ भन्ने छैन। अहिलेको संवैधानिक व्यवस्थाअनुसार राष्ट्रिय सभामा नगएपनि मन्त्री बनाउने अधिकार प्रधानमन्त्रीलाई छ ।' संविधानमा संघीय संसदको सदस्य नभएको व्यक्ति पनि ६ महिनासम्म मन्त्री बन्न पाउने प्रावधान छ। त्यही प्रावधानअनुसार खतिवडाले ६ महिना मन्त्रीमा निरन्तरता पाउन सक्छन्। खतिवडालाई त्यसपछि पनि निरन्तरता दिन चाहे ६ महिनाभित्र राष्ट्रियसभाका कुनै एक सदस्यलाई राजीनामा गराएर निर्वाचनमार्फत् सांसद् बनाउन सक्ने अर्को विकल्प रहेको प्रचण्डले सुझाव दिए ।

## नेकपालाई ...

पार्टीको निर्णय भन्ने हुँदैन। अस्ति १८ जनाको विषयमा पार्टीले निर्णय गऱ्यो, निर्वाचन भयो। यो मनोनयनको विषय राष्ट्रपतिको विषय हो। पार्टीले निर्णय गरेर यो गर भन्ने होइन। सुझाव दिएको छ। त्यो सुझावलाई सरकारले कसरी लिन्छ भन्नेमा प्रधानमन्त्रीले जिम्मेवारीपूर्ण र परिपक्व हिसाबले निष्कर्ष निकाल्नुहुन्छ।'

भट्टराईले गौतमको विषय व्यवस्थापन पेचिलो नभएको भन्दै उपयुक्त हिसाबले व्यवस्थापन हुने बताए। नतिजा के हुन्छ भन्ने १, २ दिनभित्र टुंगो लाग्ने भएकाले अहिले बोल्न हतारो हुने भट्टराईको भनाइ छ।

यसैगरी, भट्टराईले प्रधानमन्त्रीले एमसीसी संसद्बाट नै पारित हुन्छ भनिसकेपछि पारित हुने बताए। मुलुकको सार्वभौमिकता विपरीत, सैन्य र राजनीतिक गठबन्धनलगायतका पक्षमा दायाँबायाँ हुने छुट वर्तमान सरकारलाई नभएको भट्टराईको भनाइ छ । राष्ट्रहितविपरीतका विषय संसद्बाट पारित गर्न नहुने उनले बताए।

सेक्युरिटी प्रिन्टिङ प्रेस प्रकरणमा मुछिएका बाँस्कोटामाथि छानबिन हुने र आरोप प्रमाणित भए कारबाही हुने भन्दै भट्टराईले छानबिन पूरा नहुँदै अपराधीजस्तो व्यवहार गर्नु उपयुक्त नहुने बताए। भट्टराईले बाँस्कोटासँगै सरकारको पनि बचाउ गरे ।

## कांग्रेसमा...

स्रोतका अनुसार, सभापति देउवासहमतिमै विभाग गठन गर्ने तर नभए अधिकार प्रयोग गरेर आइतबार साँझसम्म केही विभाग बनाउने तयारीमा जुटेका छन्। विभाग बनाउने तयारी गर्न शुक्रबार अपराह्न संस्थापन पक्षीय नेताहरूको अनौपचारिक बैठक देउवा निवास बूढानीलकण्ठमा बसेको थियो। बैठकमा उपसभापति विमलेन्द्र निधि, प्रवक्ता विश्वप्रकाश शर्मालगायत पदाधिकारीहरू सहभागी थिए।

पार्टी प्रवक्ता शर्माले देउवाले विभाग गठन गर्ने तयारी गर्दै वरिष्ठ नेता पौडेलसँग विभागमा बस्ने नेताहरूको नाम मागेको जानकारी दिए। यसअघि बिहीबार उपसभापति निधिले पौडेललाई उनकै निवास बोहोराटारमा भेटेर सभापति देउवाले विभाग गठन गर्न लागेको जानकारी गराउँदै विभागमा बस्ने नेताहरूको नाम दिन आग्रह गरेका थिए। तर पौडेलले इन्कार गरेका थिए ।

## बाँस्कोटामाथि...

मन्त्री र दलालबीचमा ७० करोडभन्दा बढी रूपैयाँ कमिसनको नाममा भ्रष्टाचार गर्ने बदनियतबाट बार्गेनिङ भइरहेको श्रव्य सामग्री प्रचारमा आएपछि सुशासन र समृद्धिको नारा दिइरहेको वर्तमान सरकारको विश्वसनीयतामाथि समेत ठूलो प्रश्न चिह्न खडा भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूको अति विश्वास प्राप्त मन्त्रीबाटै नेपाली जनताको रगत पसिनाको कमाइबाट संकलित राजस्वको ठूलो रकम दलालसँगको मिलिभगतमा भ्रष्टाचार गर्न लागिएको दुष्प्रयासलाई गम्भीर अपराधको रूपमा लिइनुपर्दछ ।'

यसैबीच, बाँस्कोटाले अदालतमा मानहानिको मुद्दा हालेका छन्। आफूविरुद्ध झूटो लाञ्छना लगाइएको र गाली बेइज्जती भएको भन्दै उनले काठमाडौं जिल्ला अदालतमा मुद्दा हालेका हुन्।'मविरुद्ध लगाइएको झुट्टा लाञ्छना र गाली बेइज्जतीको विरूद्धमा मैले आज आफ्ना प्रतिनिधिमार्फत् जिल्ला अदालत, काठमाडौंमा न्याय माग गर्दै मुद्दा दायर गरेको जानकारी सबैमा गराउँदछु,' बाँस्कोटाले ट्विट गरेका छन्।सेक्युरिटी प्रेस खरिदमा ७० करोड कमिसन मागेको अडियो टेप बाहिरिएपछि बाँस्कोटाले पदबाट राजीनामा दिएका थिए।

प्रिन्टिङ प्रेस खरिदमा कमिसनको हिसाब-किताब गरेको अडियो सार्वजनिक गर्ने विजयप्रकाश मिश्रविरुद्ध बाँस्कोटाले उजुरी दिएको बताइएको छ। मिश्रले आफूलाई झुटो आरोप लगाएको दाबी बाँस्कोटाको छ।

## महिलालाई...

पूर्वजर्नेल खत्रीलाई खबर गरिन् । त्यसबेला खत्री अस्पतालमा थिए भने घरमा छोरी मात्र थिइन् ।

खत्रीले प्रहरीमा खबर गरेपछि इन्स्पेक्टर पौडेल नेतृत्वको टोली उनको घरमा पुग्यो । त्यसक्रममा उनले बल प्रयोग गरेका थिए । बच्चासहित बसेकी महिलालाई लाठी हानेपछि अहिले प्रहरीको आलोचना भइरहेको छ ।


कुवेतमा रोजगार | कम्पनी: SAFA INTERNATIONAL CO.SWEET AND CONFECTIONERY | शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/२६ | चलानी नं.: ६०१५१४१४ | L.T. No.: 232277 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 10 | स. काममा दक्ष | 100 | ३७,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Samridhha Human Resources Pvt. Ltd.
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9803094618, 9813033715
9851027901, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com
Gov. Lic No. 1045/073/074

# हेलिकोप्टरबाट सामग्री झरेपछि स्थानीयवासी चिन्तित

**सोलुखुम्बु/मस–** उडिरहेको हेलिकोप्टरबाट जस्तापाता खसेपछि स्थानीय नागरिक त्रसित बनेका छन्। सोलुदूधकुण्ड नगरपालिका-१ को लुङ्दिङ जङ्गलमा कैलाश एयरको हेलिकोप्टरबाट गत हप्ता करिब छ केजी जस्तापातासहित दुई रोल म्याट्रिक्स खसेपछि स्थानीयवासीमा त्रास र आक्रोश पैदा भएको हो।

टाक्सिन्दुका कुमार विश्वकर्माले हेलिकोप्टरबाट पटक पटक सामग्री खस्ने गरेको भए पनि सम्बन्धित निकायले सुरक्षामा ध्यान नदिएको गुनासो गरे।

सोही गाउँका टेण्डी शेर्पाले सुरक्षित ढुवानीका लागि सम्बन्धित पक्षलाई बारम्बार आग्रह गरेको स्मरण गर्दै आफूहरूको सुझाव कार्यान्वयन नभएकोमा गुनासो गरे। उनले सुरक्षित ढुवानी गर्नेतर्फ कम्पनीले ध्यान नदिँदा मानवीय क्षति भएमा जिम्मेवारी नियमनकारी निकायले लिनुपर्ने बताए।

सोलुदूधकुण्ड नगरपालिका-१ टाक्सिन्दुडाँडाबाट खुम्बु क्षेत्रका लागि निर्माणलगायत दैनिक उपभोग्य वस्तु ढुवानी भइरहेको छ। निर्माण सामग्रीसहित काठसमेत झुण्डचाएर ढुवानी हुँदा सुरक्षा जोखिम बढ्ने स्थानीयवासीको गुनासो रहेको छ।

नेपाल नागरिक उड्डयन ऐन २०७३ मा विमानस्थलका अधिकारप्राप्त कर्मचारी वा सुरक्षाकर्मीबाट खनतलासी नगराई कुनै पनि यात्रु, मालसामान, डाँक आदिलाई विमानस्थल निषेधित क्षेत्रमा प्रवेश गराउनु वा वायुयानबाट ओसारप्रसार गर्नु/गराउनु हुँदैन भन्ने उल्लेख छ।

सोलुदूधकुण्ड नगरपालिकाका प्रमुख नाम्गेल जाङ्बु शेर्पाले उडान तथा अवतरणको विषय आफूहरूको क्षेत्राधिकारभित्र नभएको जानकारी दिए। खुम्बु पासाङल्हामु गाउँपालिकाका प्रवक्ता लाक्पाछिरी शेर्पाले गाउँपालिकामा सडकको पहुँच नपुगेकाले हेलिकोप्टरबाट सामान ढुवानीको विकल्प नभएको बताए। उनले ढुवानीको गर्दा सम्बन्धित कम्पनीले ध्यान दिन आग्रह गरे।

जस्तापाता खसेको विषयमा छानबिन गर्न चालक गुन्जमान लामाको नेतृत्वमा गठित तीन सदस्यीय टोलीले आइतबार हेलिकोप्टरमार्फत टाक्सिन्दु पुगेर अवलोकन गरेको नागरिक उड्डयन प्राधिकरण लुक्लाका प्रमुख इमनाथ अधिकारीले जानकारी दिए।

सोलुखुम्बुका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक टेकुनन्द इवा लिम्बूले भने, ‘हाम्रो सुरक्षा समितिको बैठकले पनि आवश्यक छलफलपछि निर्णय गर्छौं, अहिलेलाई ढुवानी बन्द गरिएको छ।’ यस विषयमा कैलाश एयरका व्यवस्थापक प्रतापजङ्ग पाण्डेसँग कुराकानी गर्न खोज्दा फोन सम्पर्क हुन सकेन।

# बाघ हेर्ने मन छ : बाँके निकुञ्ज आउनुहोस्

**काशीराम शर्मा/रासस**

तपाईंलाई बाघ हेर्ने रहर छ ? छ भने बाँके राष्ट्रिय निकुञ्जमा आउनुस्, धेरै बेर हिँड्नै पर्दैन, बाघ देखिहाल्नुहुन्छ। निकुञ्जको जीप सफारीमा जाने टोलीले एक घण्टा घुम्न नपाउँदै बाघ देख्न थालेपछि यतिबेला बाघ हेर्न आउने आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ।

नेपालगञ्ज विमानस्थलबाट १५ किलोमिटर दूरीमा बाँके राष्ट्रिय निकुञ्ज छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत दायाँबायाँ संरक्षित क्षेत्र रहेको छ। स्थल र हवाईमार्गबाट सहजै यहाँ आउन सकिन्छ। भारत ओहोरदोहोर हुने सीमा नजिकै छ। यस्तै अनुकूलताले मुलुकको कान्छो निकुञ्ज घुम्न आउने पर्यटक बढ्न थालेका छन्।

निकुञ्जको जलसेनी र परुवाखोलाबीचको जङ्गलपथमै बाघ देखिन्छ। ‘जङ्गलपथमै बाघ देखिएपछि पर्यटकहरू खुशी भएका छन्’, बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले भने, ‘बाघ हेर्नका लागि धेरै मेहनत गर्नुपर्दैन।’ गाभरबाट प्रवेश गर्ने टोली बाघ हेरेर ओभरी हुँदै निस्कने गरेको गाभर भ्यालीका नेचर गार्ड कलबहादुर चौधरीले बताए।



‘बाघ देखिँदा आनन्द महसुस हुने गरेको छ’, गाभर भ्याली घरवास (होमस्टे)का सञ्चालक कृष्ण चौधरीले भने, ‘निकुञ्ज छिरेको केहीबेरमै बाघ देखिएपछि पर्यटकहरू खुशी हुन्छन्।’ बाँके राष्ट्रिय निकुञ्जले बर्दिया, सल्यान र दाङको सीमा छोएको छ। निकुञ्जमा आहाराजन्य जनावरको उल्लेख्य वृद्धि र दुर्लभ वन्यजन्तु चौकासमेत रहेको चौधरीले बताए।

निकुञ्जमा सहजै बाघ देखिन थालेपछि पर्यटकको आकर्षण बढ्दै गएको छ। कैलाश मानसरोवर, रारा, स्वार्गद्वारीसम्म जाने पर्यटक नेपालगञ्ज आउने गर्दछन्। नेपालगञ्जमा बास बस्ने गरेका पर्यटकलाई बाँके राष्ट्रिय निकुञ्जको बाघ देखाउन लैजाने वातावरण बनाउन सकेमा यहाँको पर्यटन व्यापार बढ्ने जानकार बताउँछन्।

यहाँका प्राकृतिक सम्पदा र वन्यजन्तुले पाहुनाको मन जित्न थालेका छन्। यहीँ निकुञ्ज भएर मुलुकका विभिन्न जिल्ला आउजाउ गरिन्छ। त्यसैले यो पर्यटकका लागि ‘ट्रान्जिट प्वाइन्ट’का रूपमा विकास भइरहेको छ। दुई वर्षअघि निकुञ्जमा जम्मा चार जना पर्यटक आएका थिए। आर्थिक वर्ष २०७५/७६ मा १६० पर्यटक आएको निकुञ्जको तथ्याङ्कले जनाएको छ। ती मध्ये १४८ आन्तरिक, ११ सार्क मुलुकका र एक विदेशी पर्यटक रहेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत भट्टराईले जानकारी दिनुभयो। निकुञ्ज घोषणा भएको आठ वर्षको अवधिमा शून्य अवस्थाबाट अहिले बाघको सङ्ख्या २१ पुगेको छ। नेपाल भ्रमण वर्ष २०२० मा बाँके निकुञ्जलाई मुख्य गन्तव्यका रूपमा छनोट गरिएको छ।

कर्णाली र सुदूरपश्चिम प्रदेश प्रवेशविन्दुका रूपमा रहेकाले पर्यटकलाई पूर्वपश्चिम राजमार्ग भएर ओहोरदोहोर गर्ने निकुञ्ज घुमफिर गरेर फर्किन सहज वातावरण मिलाइएको उनले जानकारी दिए। ‘बाँके निकुञ्ज पर्यटकको ट्रान्जिट हुँदैछ’, प्रमुख संरक्षण अधिकृत भट्टराईले भने, ‘कम खर्च र छोटो समयमा पर्यटकले निकुञ्ज घुम्ने अवसर पाउनेछन्।’

पछिल्लो समय बाघको सङ्ख्या बढदै गएपछि चासो बढेको उनले सुनाए। निकुञ्जमा हात्ती सफारीको व्यवस्थासमेत मिलाइएको छ। मुख्य आकर्षण वन्यजन्तुसँगै यहाँको चुरिया रेन्जको लोभलाग्दो दृश्य र त्यहाँ हाइकिङ गर्न सकिने हुँदा निकुञ्जमा पर्यटकको सङ्ख्या बढ्न थालेको गाभर भ्याली सामुदायिक घरवासका सञ्चालक कृष्ण चौधरी बताउँछन्। ‘यहाँ ससाना चुरे शृङ्खला छन्’, उनले भने, ‘दृश्य हेर्न आउने स्थानीय पर्यटकको घुइँचो लाग्छ।’ आन्तरिक पर्यटकसमेत घुमफिर गर्न मन पराउन थालेपछि घरवास र निकुञ्जको महत्व बढ्दै गएको उहाँको अनुभव छ। निकुञ्ज वरिपरि तीन निजी थारू घरवास र १७ घरमा सामुदायिक घरवास सञ्चालित छन्।


गाभर घरवासले गर्दा पनि निकुञ्जमा पर्यटक बढिरहेका छन्। बिदाको दिन गाभर घरवासमा जाने र निकुञ्ज घुम्नेको सङ्ख्या बढिरहेको छ। निकुञ्जमा आउने पर्यटकलाई नै मध्यनजर गरेर आसपासमा ठूल्ठूला होटल र घरवास बनिरहेका छन्। सरकारले बाघको सङ्ख्या दोब्बर बनाउने रणनीतिअनुसार बाँके निकुञ्जमा सोचेजस्तै प्रगति भइरहेको निकुञ्जले जनाएको छ।

बाघ संरक्षणको लागि बनाइएको बाँके राष्ट्रिय निकुञ्जमा बाघसँगै विश्वमै दुर्लभ मानिएको चौका यहाँ देख्न सकिन्छ। बाघका आहारा प्रजातिको सङ्ख्या उल्लेख्य रहेको छ। निकुञ्जमा सहजै बाघ देख्न सकिने भएपछि पर्यटकको सङ्ख्या बढेको निकुञ्जले जनाएको छ। पर्यटकको आकर्षण बढाउन बिभिन्न गतिविधि हुँदै आएका छन्।

# काष्ठमण्डप पुन:निर्माणमा थप काठ अझै आएन

**काठमाडौं/मस–** काष्ठमण्डप पुन:निर्माणमा अपुग भएको काठ ल्याउन अझै केही समय लाग्ने भएको छ। अन्तरिक समस्याका कारण अहिलेसम्म ल्याउन नसकिएको र यसै महिनाको अन्तिमसम्ममा ल्याइसक्ने काष्ठमण्डप पुन:निर्माण समितिले जनाएको छ। समितिका अध्यक्ष राजेश शाक्यलले यसअघि ल्याइएको काठले काम भइरहेको जानकारी दिए।

आठ हजार क्युफिट काठ धनगढीबाट गत पुस १५ सम्ममा ल्याइने भनिएतापनि हालसम्म ल्याउन नसकिएको जनाइएको छ। छानाका लागि आठ हजार क्युफिट काठ आवश्यक पर्दछ। फागुनभित्र पनि काठ ल्याउन नसके पुन:निर्माणको काम रोकिने बताइएको छ।। निर्माणअन्तर्गत अहिले दोस्रो तलाको कामसँगै झ्यालढोका बुट्टा कुद्ने काम भइरहेको उनले बताए। हालसम्म ५६ प्रतिशत काम सम्पन्न भएको छ। ‘अहिले मुख्य चार थाम राखी बीचमा गारो लगाउने काम सकिएको छ’, अध्यक्ष शाक्यले भने।



दैनिक ३० कामदारले नियमित काम गरिरहेका छन्।

ऐतिहासिक काष्ठमण्डप पुन:निर्माणका लागि गत वैशाख ३१ गते क्षमापूजा गरिएको थियो। गत कात्तिक २२ गते शुभारम्भ पूजा गरेर विधिवतरूपमा सो सम्पदाको पुन:निर्माण शुरु गरिएको हो। तीन वर्षभित्र पुन:निर्माण सक्ने लक्ष्य राखिएको छ। गत माघ २७ गते श्रीपञ्चमीका दिन निर्माणाधीन काष्ठमण्डपको मूल थाम उठाइएको थियो। प्रयोग गरिएका चार थाममध्ये तीन नयाँ प्रयोग गरिएका र एउटा थाम पुरानै प्रयोग गरिएको समितिले जनाएको छ।

उक्त सम्पदा पुन:निर्माणका लागि रु १९ करोड खर्च लाग्ने अनुमान गरिएकामा काठमाडौं महानगरपालिकाले पुन:निर्माण समितिलाई रु पाँच करोड ५० लाख आर्थिक सहयोग गरिसकेको छ। पुन:निर्मणका लागि जम्मा १७ हजार ५८ क्युफिट काठ आवश्यक पर्दछ। केही यसअघिकै पुराना काठको प्रयोग भए पनि नयाँ केही काठ भने टिम्बर कर्पोरेशन अफ नेपालसँग लिखित सम्झौता गरी ल्याइएको छ।

# राष्ट्रियसभामा गौतम सिफारिस हुनुहुन्छ : अध्यक्ष दाहाल

**चितवन/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रियसभामा पार्टीका उपाध्यक्ष वामदेव गौतम नै मनोनीत हुने बताएका छन्। प्रेस सङ्गठन चितवनले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले प्रधानमन्त्रीले गौतमलाई नै सिफारिस गर्ने बताएका हुन्।



पत्रकारको प्रश्नमा उनले भने, ‘प्रधानमन्त्रीले सिफारिस नगर्ने कुरा म कल्पनासम्म पनि गर्दिन, उहाँले गर्नुहुन्छ। मैले त्यति बुझेको हो।’ प्रधानमन्त्रीले गौतमलाई सिफारिस गर्नुभएन भने के हुन्छ भन्ने अर्को प्रश्नमा उहाँको जवाफ थियो, ‘म अहिले त्यतातिर जानै चाहन्न। मलाई विश्वास छ, उहाँले पार्टीको सचिवालय बैठकले सर्वसम्मत गरेको निर्णयलाई अवज्ञा गर्नुहुने छैन।’

आफू र प्रधानमन्त्री एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीको संयुक्त अध्यक्षतामा बसेको सचिवालय बैठकले सर्वसम्मतरुपमा गौतमलाई सिफारिस गर्ने निर्णय गरेको दाहालको भनाइ थियो। अर्थमन्त्री हुनका लागि राष्ट्रियसभामा जानैपर्छ भन्ने नभएको बताउँदै उनले छ महिनासम्म सांसद नभएको व्यक्ति पनि मन्त्री हुनसक्ने उल्लेख गरे।

संविधान संशोधन गरेर प्रधानमन्त्री हुने भए मात्र राष्ट्रियसभामा जाने उपाध्यक्ष गौतमको शर्त भने गएको सचिवालय बैठकबाट हटेको दाहालको भनाइ थियो। उनले संविधान संशोधन एउटा प्रक्रियामा अघि बढ्ने जानकारी पनि दिए।

उपाध्यक्ष गौतम सिफारिसका लागि व्यवसायीसँग बैठक बसेको भन्ने भनाइ कपोलकल्पित मात्र भएको उनले बताउनुभयो। दाहालले भने, ‘त्यो नियोजित, भ्रामक र कपोकलल्पित छ। त्यस्तो कहीँ बैठक वा डिनर भएको कसैले प्रमाणित गरिदियो भने म त्यसलाई बधाई भन्छु।’ प्रत्यक्ष निर्वाचनमा पराजित व्यक्ति मनोनीत भएको प्रशस्त उदाहरण भएको बताउँदै उनले मैले ल्याएर केके गरेँ भन्ने तपाईंहरुलाई थाहा नै छ नि भने। प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसका सभापति र नेतासँग भएको भेट सामान्य राजनीतिक प्रक्रिया मात्र भएको उनले टिप्पणी गरे।

# झापामा प्रभावकारी बन्दै सुत्केरी पोषण कार्यक्रम

**चन्द्रकला भण्डारी/रासस–**

झापाको कनकाई नगरपालिकाले शुरु गरेको सुत्केरी पोषण कार्यक्रम प्रभावकारी भएको छ।

यो कार्यक्रम प्रभावकारी भएसँगै जिल्लाका अन्य स्थानीय तहले पनि सुत्केरी पोषण कार्यक्रम शुरु गरेका हुन्। झापाका १५ स्थानीय तहमध्ये सबैभन्दा पहिले कनकाई नगरपालिकाले यो कार्यक्रम शुरु गरेको थियो।

विसं २०७४ साउनबाट शुरु गरेको यो कार्यक्रमबाट हालसम्म ४३० सुत्केरीले पोषणअन्तर्गत पाउने सेवा सुविधा लिएको नगरपालिकाका सूचना अधिकारी हरिप्रसाद मिश्रले बताए। यो कार्यक्रमअन्तर्गत नगरपालिकाले स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलालाई पोषणबापत दुई हजार रुपैयाँ रकम प्रदान गर्ने व्यवस्था गरेको छ। शुरुमा नगरपालिकाले सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण, गर्भ जाँच र सुत्केरी हुने महिलालाई दुई केजी घ्यू, क्यालसियम र झुल घरमै पुर्‍याउने गरेको थियो। बजारबाट खरिद गरिने ध्यूमा कैफियत पाएपछि हाल नगद दुई हजार प्रदान गर्दै आएको उनको भनाइ छ।

‘उपमेयर सुत्केरी पोषण कार्यक्रम’ नाम राखेर नगरपालिकाका उपप्रमुख मञ्जु प्रसाईंले नगद ५० हजार जम्मा गरेर कोष नै स्थापना गर्नुभएको थियो। सोही कोषमा नगरपालिकाले प्रत्येक वर्ष पाँच लाख थपेर खर्च गर्दै आएको छ। उनले भनिन् ‘सुत्केरी अवस्थामा अतिविपन्न परिवारका सुत्केरी महिलाले पोसिलो खाने कुरा खान नपाउँदा बच्चामा कुपोषण हुन्छ। त्यसैलाई रोक्नका लागि थोरै भए पनि सहयोग गरौं भन्ने उद्देश्यले यो कार्यक्रम शुरु गरका हौं, अहिले यो अत्यन्त प्रभावकारी भइरहेको छ।’

विसं २०६८ को जनगणनाअनुसार ४१ हजार जनसङ्ख्या रहेको नगरपालिकामा हाल बढेर ४७ हजार पुगेको सूचना अधिकारी मिश्रको भनाइ छ। उनले भने, ‘मुसहर, सन्थाललगायतका अतिविपन्न परिवारलाई यो कार्यक्रमले राहत पुगेको छ। नाम लेखाइसकेका ४० ले अझै सुविधा लिन बाँकी छ।’ स्वास्थ्य संस्थामा प्रसूति हुन आउनका लागि प्रोत्साहन स्वरुप यो कार्यक्रम ल्याइएको उहाँले जानकारी दिए।

मेचीनगर नगरपालिकाले समेत सो कार्यक्रम चालु आर्थिक वर्ष २०७६/०७७ को साउनबाट शुरु गरेको छ। पाँच लाखको बजेट राखेर शुरु गरेको कार्यक्रममा हाल सो बजेट सकिएर १० लाख थप गरी १५ लाख बनाएको नगरका सूचना अधिकृत पदमबहादुर कार्कीले बताए।

उनका अनुसार चालु आवको सात महिनाको अवधिमा २५० सुत्केरी महिलाले सुत्केरी पोषण कार्यक्रमअन्तर्गतको सेवा लिएका छन्। नगरपालिकाले प्रतिसुत्केरी नगद नै दुई हजार दिने गरेको उनले बताए। उनले भने ‘सेवा लिन आउने बढी अति विपन्न परिवारका करुवा, किसान, सन्थाललगायत छन्।’ गर्भवती अवस्थामा स्वास्थ्य जाँच गराउन स्वास्थ्य केन्द्र नपुग्ने उनीहरु सुविधा पाउने भएपछि नियमितरुपमा स्वास्थ्य जाँच गराउन र सुत्केरी हुन अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा पुग्ने गरेको नगरपालिकाका स्वास्थ्य विभाग प्रमुख शशी राईले बताए।

उनले शुरुमा घरघरमा स्वास्थ्य स्वयंसेवक महिला पठाएर गर्भवती अवस्थामा स्वास्थ्य परीक्षण गराउन अभिप्रेरित गर्दासमेत नजाने महिला सुविधा पाएसँगै अहिले आफैँ अस्पताल पुग्ने गरेको जानकारी दिए। मेचीनगरमा मात्र लोपोन्मुख समुदाय किसान, मेचे, सन्थाल, मुण्डा, माझीलगायत २३ जातिको बसोवास रहेको छ। हालको मेचीनगर नगरपालिकाको जनसङ्ख्या एक लाख ३० हजारको हाराहारीमा रहेको सूचना अधिकृत कार्कीको भनाइ छ।

त्यसैगरी यो कार्यक्रम झापा गाउँपालिका, कमल गाउँपालिका र शिवसताक्षी नगरपालिकाको वडा नम्बर १० ले समेत सञ्चालनमा ल्याएको छ। जिल्ला समन्वय समितिकी उपप्रमुख मीना पराजुलीले सुत्केरी पोषण कार्यक्रमले गरिब तथा अतिविपन्न परिवारका महिलालाई राहत पुग्ने बताउँदै झापाका १५ वटै स्थानीय तहमा लागू हुनुपर्ने बताउनुभयो।

# गिद्धको नयाँ प्रजाति फेला

**जाजरकोट/रासस–** प्रकृतिको कुचिकार मानिएको गिद्धको नयाँ प्रजाति जाजरकोटमा फेला परेको छ। समुद्र सतहदेखि एक हजार ७०० मिटरको उचाइ रहेको बारेकोट गाउँपालिका-१ आग्रखोलामा राज नाम गरेको एक जोडी गिद्ध भेटिएको हो। जाजरकोटमा चरा, अन्य लोपोन्मुख जन्तुको संरक्षण तथा खोजीमा क्रियाशील गोविन्दबहादुर सिंहका अनुसार बारेकोट गाउँपालिकाको जङ्गलमा भेटिएको गिद्ध विश्वकै लोपोन्मुख चराका रुपमा रहेको छ।

अरुभन्दा फरक गुण र स्वभाव गरेको यो राजगिद्ध नेपालको तराई भेगमा पाइने भए पनि जाजरकोटमा यसको वासस्थान रहेछ भन्ने प्रमाणित भएको सिंहले बताए। राजगिद्ध अरुको मुखको सिनो पनि खोसेर खाने तथा सिनो खाइरहेको अवस्थामा कुनै पनि गिद्धले यसलाई आक्रमण गर्न नसक्ने स्वभाव भएको



चराका रुपमा लिने गरेको उहाँले जानकारी दिए।

यसअघि जाजरकोटलाई बासस्थान बनाएका सेतो, हाडफोर, सुन र हिमाली गिद्ध गुँडसहित भेटिएका छन्। पछिल्लो समयमा सिमलको रुख विनाश तथा सिनोमा विषादी मिसिएकाले यसको सङ्ख्या घट्दो रहेको पक्षी विज्ञको भनाइ छ। गिद्ध संरक्षणका लागि आहारको व्यवस्थापन र सिमलका रुखको संरक्षण गर्नुपर्ने उनीहरुको सुझाव छ। यहाँको वनस्पति र जीवजन्तुको उचित संरक्षणमा राष्ट्रियस्तरको कार्यक्रम बन्न जरुरी रहेको गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर शाहले बताए।
उनले गाउँपालिकास्तरबाट हुने कार्यक्रम सानो हुने र केन्द्रीयस्तरबाट नै महत्वसाथ जाजरकोटमा पाइएका, पाइन सक्ने जीवजन्तु, चराको खोजी र संरक्षणमा पहलको खाँचो रहेको बताए। यहाँ विश्वकै दुर्लभ जनावर रेडपाण्डा, दुर्लभ पक्षी चिरकालिजलगायत अन्य जीवजन्तु पाइएका छन्।

स्थानीय जनता, सरकार र सरोकारवालाले जाजरकोटको जैविक विविधता, यहाँ भेटिएका विश्वकै दुर्लभ पक्षी, जनावर बचाउन तथा यसको वृद्धि गरेर विश्वलाई नै सन्देश दिन सकिने पक्षी, जनावरको खोजी तथा संरक्षणकर्ता सिंहले बताए। उनले सबैको चासो हुने हो भने जाजरकोट महत्वपूर्ण दुर्लभ पक्षी तथा जनावरको पर्यटकीय गन्तव्य बन्न सक्ने बताए।

लोपोन्मुख पक्षी तथा जनावरको संरक्षणका लागि जाजरकोटका स्थानीय तहले खासै पहल नगरेको पाइएको छ। वन तथा वातावरण मन्त्रालयले बारेकोट गाउँपालिका, नलगाड नगरपालिका र कुशे गाउँपालिकालाई विशेष संरक्षित क्षेत्र घोषणा गर्न अध्ययन कार्य पूरा गरेको छ।

# राष्ट्रिय साहित्य सम्मेलनका लागि २३७ कविता प्राप्त

**दमौली/मस–** तनहुँको दमौलीमा हुन लागेको दोस्रो राष्ट्रिय साहित्य सम्मेलनका लागि देशभरबाट २३७ कविता प्राप्त भएको छ। गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँको आयोजनामा फागुन २४, २५ र २६ गते हुन लागेको राष्ट्रिय साहित्य सम्मेलनका लागि देशका विभिन्न जिल्लाबाट २३७ कविता प्राप्त भएको हो।

प्रतिष्ठानका अध्यक्ष अर्जुन अधिकारीले फागुन १४ गतेभित्र कविता आइपुग्नुपर्ने अन्तिम मिति तोकिएकामा विभिन्न जिल्लाका साहित्यकारले कविता पठाएको जानकारी दिए। अधिकारीका अनुसार प्राप्त भएका कविताहरु विज्ञ समितिले मूल्याङ्कन गरी साहित्य सम्मेलनका लागि छनोट गर्नेछन्। ‘प्राप्त भएका कवितालाई उत्कृष्टताका आधारमा साहित्य सम्मेलनमा प्रस्तुत गर्ने गरी छनोट गरिनेछ’, अधिकारीले भने, ‘प्राप्त कवितामध्ये बढीमा ६० वटासम्म कविता छनोट हुनेछन्।’ छनोट भएका कविता साहित्यकारले स्वयं उपस्थित भएर वाचन गर्नुपर्नेछ। पुरस्कृत कविता र वाचनका लागि छनोट भएका उत्कृष्ट ३० वटा कविता प्रतिष्ठानको स्मारिकामा पनि प्रकाशन गरिनेछ। मौलिक कविता गद्यपद्य १५० शब्दसम्मको हुनुपर्नेछ।

प्रतिष्ठानले साहित्य सम्मेलनको प्रचारप्रसार र तयारीलाई तीव्ररुपमा सञ्चालन गरिरहेको छ। भाषा, साहित्य र संस्कृतिको उत्थान गर्दै साहित्यिक जागरणका लागि राष्ट्रिय साहित्य सम्मेलन आयोजना गर्न लागिएको आयोजकले बताएको छ। ‘नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको जिल्ला भए पनि यहाँ साहित्यिक कार्यक्रम निकै कम हुने गरेको छ’, अधिकारीले भने, ‘साहित्यक जागरण ल्याउने उद्देश्यसहित कार्यक्रम गर्न लागेका हौं।’

सम्मेलनमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: नगद ५५ हजार, ४० हजार र २५ हजार प्रदान गरिनेछ भने सान्त्वना हुनेछ जनालाई नगद १०/१० हजार प्रदान गरिने आयोजकले जनाएको छ। साहित्य सम्मेलन सम्पन्न गर्न प्रतिष्ठानका अध्यक्ष अधिकारीको संयोजकत्वमा १२१ सदस्यीय मूल समारोह समिति र विभिन्न उपसमिति गठन गरिएको छ।

यसअघि वाङ्मयले विसं २०५३ फागुन १ गते दमौलीमा राष्ट्रिय साहित्य सम्मेलनको आयोजना गरेको थियो।

उक्त सम्मेलनमा बागलुङका साहित्यकार भूपिन व्याकुलको ‘नदीहरु मान्छे जस्ता हुँदैनन्’ कविता प्रथम हुन सफल भएको थियो। सम्मेलनमा २१ लाख खर्च हुने अनुमान गरिएको आर्थिक समितिका संयोजक समुन्द्र गोदारले जानकारी दिए। उनका अनुसार सम्मेलनका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग पनि आर्थिक सहयोगका लागि अनुरोध गरिएको छ। सम्मेलनबाट बचेको रकमबाट अक्षयकोष स्थापना गर्ने सोच राखिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

कथा

# झाँक्री हैन अहेव



नेत्र तामाङ

दावा र उसका बा पासाङ चिहानघर कुरिरहेका छन् । चिहानडाँडामा चकमन्न अध्यारो छ । बेलाबेला चिसो स्याँठले माझघरे झाक्री बा जलाएको चिहानघरबाट केही झिल्का आगो उड्दै खरानी बन्छ । दावाले मोबाइलमा हेर्‍यो, १२ बज्नै लागेको थियो । चिहानडाँडाको वरिपरि बुट्यानै बुट्यान भएपनि देखिरहेको थिएन । जाडो र डर यी दुवैले दावालाई यहाँ बसिरहन मन लागेन ।

'ह्या बा, अब जाने बेला भएन भन्या,' मोबाइलमा गेम खेलिरहेका दावा झर्किए । भाँतेजाँड पिइरहेका पासाङ छोरोको झर्काइले झसंग भए । छोरालाई अल्मलाउन उसले कथा सुनाउन सुरू गरे ।

'दावा, कथामा भनेजस्तै आजको रात ढुठा राक्षस आउन सक्छ, उसले झाक्री बालाई जिउदै बनाउन सक्छ,' कथा सकेपछि दावातिर हेर्दै उनले भने, 'जिउँदै पारेर टुक्राटुक्रा पार्छ रे, त्यसो गरे झाक्रीबाको आत्माले शान्ति पाउदैन रे ।'

कथा र बाबाको कुराले दावाको आङ सिरिङ्ग भो । उ मोबाइलमा गेम खेल्न छाडेर बाबा नजिकै टाँसियो । राक्षस आउने ठाउँमै किन बाबाले कुर्न ल्याएका होलान् ? राक्षस आए कसरी धपाउलन् ? यस्ता कुराले दावाको पेट अटेसमटेस भयो ।

'तर बाबा, राक्षस आइहाल्यो भने हामी दुईजनलाई चाहिँ छाड्ला त ?' दावाले बाबाको कोट कोट्याउदै सोध्यो । दावालाई लाग्यो, त्यो राक्षसले सबैभन्दा पहिले त चिहान कुरूवालाई नै हटाउनेछ । त्यसपछि झाँक्री बाको चिहानघरमा उसले चाहेको जस्तै गर्नेछ ।

'तिमी छौ नि त, कुमार केटो भएको ठाउँमा उ आउनै सक्दैन,' पासाङले हास्दै भन्यो, 'यदि आइहाले म छु नि, त्यसलाई खुकुरीले छप्काईहाल्छु नि ।' त्यही ढुठा राक्षसको आक्रमणबाट झाक्रीबाको आत्मालाई बचाउन नै चिहान कुर्न बस्नुपरेको कारण स्पष्ट पारे पासाङले । दावालाई भने कताकता डर लागिरहेको थियो । त्यसैले उसले बालाई घर जान कर गरिरह्यो ।

छोरालाई कसरी मनाउने ? यही चिन्ताले पासाङलाई सतायो । उसको मुख्य उदेश्य छोरो झाँक्री बनोस भन्ने थियो । मरेका झाक्री बाको आत्मालाई खुसी पार्न सके उनको ह्रेन्जेन (उनमा भएको ज्ञान, सीप र शक्ति) दावासँग आउने कुरामा पासाङ विश्वस्त थिए । त्यसैले पासाङले छोरालाई यही कुरा सुनाउन सुरू गरे ।

'हेर छोरा, तिमीलाई थाहा छ, झाक्रीबाको इज्जत र सम्मान कति धेरै थियो, मेरो चाहना तिमी उहाँ जस्तै बनोस भन्ने हो,' पासाङले दावाको निधारमा सुम्सुमाउदै भन्यो, 'यसको लागि उहाँका ह्रेन्जेन तिमीमा आउनुपर्छ, ह्रेन्जेन तिमीमा आउन झाक्री बालाई खुसी पार्नु पर्‍यो, त्यसका लागि एकरात यही बस्नुपर्छ ।'



> बाउछोराको कुरा सुनेर मुली ज्वाई बेस्सरी हाँसे । गाउँतिर कुखुरा बासेको आवाज सुनियो । हाँसो सकेपछि मुली ज्वाईले भने,"तपाईलाई पनि यो कुरामा विश्वास लाग्छ, यी सब झुट कुरा हुन, मरेको मान्छेको चिहान कुर्ने, नसकेपनि रिन लिएर घेवा गरेर अन्न फाल्ने, दान दिने ।

बाबाको कुराले दावा झनै डरायो । उसलाई त गाउँकै अस्पतालमा अहेवा बनेर सेवा गर्ने इच्छा थियो । यस्तो झाक्री बन्ने कुरा त उसले सोचेकै थिएन । 'बा म त झाक्री बन्दिनँ,' दावाले बालाई भन्यो, 'मलाई यी कुरामा विश्वासै छैन, डरलाग्ने कुरा मात्र गर्नुहुन्छ तपाई ।'

'विश्वासै छैन भने डराएर घर जाने, घर जाने भनेर किचकिच किन गरेको त,' पासाङ रिसाए, 'जात्रामा चाहि दुईतीन रात बस्न सक्ने, आज एकरात यहाँ बस्न नसक्ने ।' बाबाको रिसले दावा आत्तिए । बाबा ठुलो स्वरमा हप्काइरहदाँ कतै भुत निस्केर आउने त हैनन् भन्ने डर दावालाई लाग्यो । भुत हुदैहुदैन भनेर स्कुलमा शिक्षकहरूले पढाएपनि कथा त भुतकै सुनिन्थ्यो । यस्तै चिहान, एकान्त ठाउँ हुदों सम्झना आएर त्यसैत्यसै डर लागिहाल्थ्यो ।

यत्तिकैमा बाबा घुर्न थाल्नुभयो । उहाँ नजिकैको ढिस्कोमा आड लिएर बस्नुभएको थियो, त्यतैतिर टाउको ढाल्काएर निदाएका थिए । अहेवा बन्ने लक्ष्य लिएका उनलाई कतै झाँक्रीबाको ह्रेन्जेन आइहाल्ने हो कि भन्ने अर्को डर थप्यो । यही बेला नजिकैको बुट्यानमा सन्याक्क, बुटुक्क आवाज आयो । त्यो आवाज फेरिपनि आफुतिरै आइरहेको जस्तो लाग्यो दावालाई । 'बाबा, बाबा' उसले बाबालाई झक्झकायो । तर पासाङ ब्युझेन ।

त्यो आवाज निकाल्ने बस्तु चिहानघरबाटै फुत्त उफ्रेर अर्को बुट्यानरित पस्यो । 'बाबा, राक्षस आयो,' उसले बाबालाई बेस्सरी झक्झकायो । तर पासाङ ब्युझिएन । अघिको वस्तु निकै अग्लो र कालो जस्तै लाग्यो दावालाई । उसले मोबाईको टर्च लाइट बालेर यताउति हेर्‍यो । तर कतै केही देखिएन । उसलाई लाग्यो त्यो भुत होला, अदृश्य भइहाल्यो । त्यसैले टर्च बालेर उ घरतिर दौड्यो ।

चिहानडाँडादेखि घर पुग्न झन्डै एकघन्टा लाग्थ्यो । बाटोमा खहरे खोला पर्थ्यो । यही खोलामा अग्लाअग्ला सेता मुर्कट्टा आउँछन् रे भन्ने सुनेको थियो दावाले । खहरे खोला छेवैमा पुग्दा उसलाई एकदमै डर लाग्यो । खोला तरेर जाने आँटै आएन । छहराको फेदबाटै जानुपर्ने भएकोले त्यो बाटो डरलाग्दो पनि थियो । त्यसैले उ चिहान तिरै फर्क्यो ।

चिहानमा आइपुग्दा बाबा थिएनन् । बाबा गायब भएको देख्दा दावालाई अचम्म लाग्यो । कतै आफ्नै कारणले बाबा गायब भएको त होइन । उनलाई चिन्ता लाग्यो । अघिकै सन्याक्क आवाज आएकैतिर फेरि त्यस्तै आवाज आयो । सन्याक सन्याक आवाज दोहोरियो । बाबा नभएकोले बत्ती बालेर हेर्ने हिम्मत पनि गरेन उसले । उ घरतिरकै बाटो दौड्यो । जति उता दौड्यो उति पछिपछि सन्याक सन्याक आवाज आइरह्यो ।

यता दावाका बा पासाङ भने छोरा जतातते बहुला झै दौडन थालेको देखेर ह्रेन्जेन आयो कि भनेर खुसी हुदै पछिपछि दौडिरहेको थियो । यता छोरा अघिअघि कसैले लखेटिरहेको छ भन्दै डरले दौडदै थिए । झाक्रीको ह्रेन्जेन आएपछि मान्छे पुरै बहुलाइन्छ । जताततै दौडन्छ । यही विश्वासमा पासाङ छोराको पछि लागेको थियो ।

दावा दौडिदै गर्दा बाटोमा एकजना मान्छे आफैतिर आइरहेका थिए । त्यो मान्छे देखेर दावालाई फेरि डर लाग्यो । छेवैमा आइपुग्दा बत्ती उसकै मुखमा परेकोले अनुहार देखिहाले । घरको मुली ज्वाई चिहान पुर्न आइपुगेका रहेछन् । पासाङ पनि त्यही पुगे ।

'हैन चिहान छाडेर बाउछोरा लाखापाखा किन लागेको हो,' मुली जवाईले समातिहाले । पासाङले खुसी हुदै भने, 'दावालाई झाँक्री बाको ह्रेन्जेन चढेछ, त्यही भएर उसको पछिपछि लागेको नि म त ।'

'ए काँको ह्रेन्जेन चढ्नु, पछि पिछि केले लखेट्यो भनेर डर मान्दै दौड्यदौड्यै छु,' दावाले रिसाएर भने ।'

बाउछोराको कुरा सुनेर मुली ज्वाई बेस्सरी हाँसे । गाउँतिर कुखुरा बासेको आवाज सुनियो । हाँसो सकेपछि मुली ज्वाईले भने,' तपाईलाई पनि यो कुरामा विश्वास लाग्छ, यी सब झुट कुरा हुन, मरेको मान्छेको चिहान कुर्ने, नसकेपनि रिन लिएर घेवा गरेर अन्न फाल्ने, दान दिने । यो सब काम बाध्यताले गरिरहेका छन् मानिसहरू । तपाई बाउछोरा पनि अरूले केही भन्लान् कि भनेर चिहान कुर्न बस्नुभएको होइन ?'

मुली ज्वाईको कुरा दावालाई एकदमै ठिक लाग्यो । चिहानमा कुनै राक्षस वा बोक्सी केही नआउने कुरा उनले स्पष्ट पारिदियो । पासाङलाई भने यो कुरा ठिक लागिरहेको थिएन । छोरालाई मुली ज्वाईल भड्कायो भन्ने पीर लाग्यो । 'केटाकेटीलाई बुझाउन छाडेर भड्काउन पो थाल्नुभयो त तपाईले,' पासाङले मुली ज्वाईलाई भन्यो ।

मुली ज्वाई भने, 'हेर्नुस दाई, तपाई यति बुझ्ने मान्छे हुनुहुन्छ, तपाईको छोरा झाँक्री हैन अहेवा बन्छन्, अहेवाले त झाँक्री भन्दा बढी सम्मान पाउछन्, कमाई पनि राम्रो हुन्छ ।' सम्मान र कमाईको कुराले पासाङलाई मुली ज्वाईको कुरा ठिक लाग्यो । झाक्रीबाका ज्वाई पनि अहेवा नै थिए । उनलाई गाउँमा राम्रै सम्मान थियो । सरकारी जागिरे भनेर सबैले मान्थे पनि । उसले छोरालाई त्यही दिनदेखि अहेवा बन्न चाहिने सबै सहयोग गर्ने वाचा गरेर घर फर्के ।

कविता

## प्रेम कविता



दीपा धिताल

कतै मिर्मिरेलाई चिर्दै बिहानी बोकेर उषाको लाली
मुस्कुराउँछ कि भनेर
दिउसोको पारीलो घामसँग लुकामरी गर्दै
गोधूलि सांझमा सप्तरङगी इन्द्रेणीको रङग भर्दै
रातका आकाशका ताराहरूलाई हेर्दै
घरको बार्दलीमा बसेर
जुनकीरीको घिपीघिपी उज्यालोमा
आज लेखिरहेछु म तिम्रै प्रेम कविता ।

जीवनमा इन्द्रधनुष झै रङग भर्नलाई
ती अनगिन्ती खुसीहरू बोकेर
अनगिन्ती बैसालु रहरका खातहरू बिछ्याएर
मधुर जिन्दगीको पर्खाइमा
कल्पनाको भव्य महल बनाउदै
तिम्रै प्रेमिल सम्झनामा सिरानीको
रूई बनाउने चाहना भरेर
यो रातमा स्वतन्त्रताको उपभोग गरेर
आज लेखिरहेछु म तिम्रै प्रेम कविता ।

जिन्दगीका यी थकित नदीहरूमा
एउटा सुकोमल विश्वासको अन्त्य भएको बेला
यो अन्धकार रातमा कुनै अज्ञात बस्तीमा
कोकाकुल तारमा रेटिएर
क्षयग्रस्त सारङ्गीहरू बेसुर बेसुर तालमा बजिरहेको बेला
रातभर बाघले लखेटेका सपनाहरू देख्नुभन्दा
तिम्रै प्रेमको भव्य महासागरमा डुबेर
तिम्रो मायालाई अमूल्य अवमूल्य बिरोधाभास
सेफबक्समा हिरामोती जस्तै राखेर
आज लेखिरहेछु म तिम्रै प्रेम कविता ।

यो रातमा लेखेको कविता कुनै भुत बङ्गालाको हुनेछैन
ती आकाशका जुनताराको हुनेछैन
धर्तीमा चियाउने ती जुनकीरीको हुनेछैन्
ती कृतिम गुलाबी फूलहरूको हुनेछैन्
तिम्रै हुनेछ मात्र तिम्रै प्रेम कविता हुनेछ ।

## द्रौपति अर्थात देश

-रोशन याक्सो

द्रोणचार्य माथी बदला लिन
जब गरियो पुत्राकामेस्ठी यज्ञ
त्यही यज्ञकुण्डबाट जन्मिएकी हुँ म
म अर्थात द्रौपती !

खोइ कहाँबाट सुरू गरौ
सुनाउँन मेरो काहानी ?
कसरी बताउँ मेरो
जिवनको उकाली ओराली ?
कहिले कुन्तीले आदेश दिइन
मलाई बाडी खान पाँच पाण्डवलाई
र म बनाइएँ (पञ्चामी !
जब मती भ्रस्ट भयो युधिस्ठिरको
हानिएँ म जुवामा
फगत एक मुठ्ठी कौडाले गर्‍यो मेरो लीलामी !
दुर्योधन आदेश दिन्छन मलाई नङ्याउन दुशासनलाई
र भरी राजसभामा हुन्छ (मेरो चिरहरण !
कहिले पर्छु जयद्रथको अपहरणमा
त कहिले चिथोरिन्छु किचकको कामुक नजरबाट !


जसरी मैले भोगे कैयौं आरोह(अवरोह
सयौ हण्डर र घामपानी
त्यसरी नै प्रताडित छ मेरो देश ।
मेरो रक्षा गर्नु पर्ने युधिस्ठिरले
जसरी मलाई हाने'थे जुवामा
त्यसरी नै जुवा हान्दै छन देशलाई
यो देशका रखवालाहरू !
जसरी परे'थेँ अपरहरणमा जयद्रथको
त्यसरी नै अपहरणमा पर्दैछ यो देशको स्वाभिमान !
जसरी परेको थियो किचकको गिद्धे नजरमा मेरो जवानिमा
त्यसरी नै गिद्धे नजर पर्दैछ यो देशको अस्मिता माथी !
जसरी भए'थ्यो मेरो चिरहरण
त्यसरी नै हुँदै छ हरण मेरो देशको माटो !

मलाई राम्ररी थाहा छ
जब जब समयको कठघरामा
पान्डवहरू निरिह बनेर उभिन्छन
कसरी बढ्छ दुशासनहरूको आत्मबल !
कसरी हुन्छ द्रौपतिको इज्जतको चिरहरण !
र कसरी चुपचाप हेरी रहन्छन तमासा
समाजका भिस्म पितामहहरू !

म द्रौपती अर्थात यो देश
म यो देश अर्थात द्रौपती
यो समय यस्तो कृष्णको पर्खाइमा छु
जसले बचाउन सकोस यो देशलाई
मलाई झै नाङ्गो हुनबाट भरी राजसभामा ‼

कविता

## खुट्टाको व्यापार



कल्पना चिलुवाल

अचेल मान्छे
खुट्टामा जुत्ता होइन
खुट्टामा खुट्टै उनेर हिंड्न थालेको छ
आफ्नो होइन अरूको खुट्टामा दौडेर
खेलहरू जित्न थालेको छ
त्यसैले बजारमा अचेल
जुत्ताको होइन
खुट्टाको किनबेच बढेको छ ।

खुट्टाका हाट बजारहरूमा
हिमाल आरोहणमा कीर्तिमान कायम गरेका
खुट्टाहरू छन्
छातीमा भिक्टोरिया क्रस टाँसेर
अरूकै लागि उभिदिने सर्वकालीन वफादार
खुट्टाहरू छन्
आन्दोलनका मोर्चाहरूमा हिडाएर
तालिम गराइएका आन्दोलनकारी खुट्टाहरू छन् ।

अग्ला खुट्टा, होचा खुट्टा
काला वा गोरा खुट्टा
जता कुदायो उतै कुद्ने
जे बोकायो त्यही बोक्ने
निकै सजिला खुट्टाहरू छन्
यी मुठी खाएर मुरी उब्जाइदिने खुट्टाहरू
मेनपावर कम्पनीद्वारा थोक थोकमा
किनिन्छन् र बेचिन्छन्
आफू भर्‍याङ बनेर
अरूलाई शिखर चढाइदिने खुट्टाहरू
व्यापारीका छनौटमा पर्छन्
आस्था र देश प्रेमका निम्ति
निशुल्क सेवा दिने खुट्टाहरू
नेताहरूका रोजाइमा पर्छन् ।

राज्यले बिकाउ माल बनाइएका यी खुट्टाहरू
आत्मा मरेका खुट्टाहरू हुन्
यी दुःशासनले चीरहरण गर्दा
कुनै कृष्णले नबचाएका
नाङ्गा खुट्टाहरू हुन्
यी द्रोणाचार्यहरूले गुरू दक्षिणामा
औंला होइन
शिर नै मागेर
मुर्कट्टा बनाइएका खुट्टाहरू हुन्
त्यसैले यी खुट्टाहरूलाई
बेचिएकोमा लज्जाबोध हुँदैन
आफ्नो छाला काडेर कसैले
बर्को ओढे पनि पीडाबोध हुँदैन ।

अचेल बजारमा
खुट्टाको हिफाजत गर्ने जुत्ताको भन्दा
खुट्टाकै काम गरिदिने
अर्को जोर खुट्टाको
माग बढ्न थालेको छ
त्यसैले अचेल बजारमा
जुत्ताको होइन
खुट्टाकै किनबेच हुन थालेको छ
छालाको जुत्ताभन्दा सस्तो
हाडमासु सहितको
खुट्टाको व्यापार निकै बढेको छ ।

# सरकारले माग्यो १५ सय स्वयमसेवक शिक्षक

**काठमाडौं/मस-** सरकारले १५ सय स्वयंसेवक शिक्षकका लागि आवेदन खुल्ला गरेको छ । शिक्षण अनुमति पत्र (लाइसेन्स) समेत नचाहिने गरी विद्यालयमा पढाउन एक हजार पाँच सय जना स्वयमसेवक शिक्षकका लागि आवेदन खुल्ला गरेको हो ।

शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शैक्षिक सत्र २०७७ को वैशाखदेखि चैतसम्मका लागि स्वंयसेवक शिक्षकका लागि शुक्रबार आवेदन खोलेको हो ।



स्नातक र स्नातकोत्तर तह पास गरेका, १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका नेपाली नागरिकले आवेदन दिन पाउने केन्द्रले जनाएको छ । स्थानीय तहमा रहि कार्य गर्न इच्छुक व्यक्तिले २५ फागुनसम्म आवेदन दिन सक्ने केन्द्रले जारी गरेको सूचनामा भनिएको छ ।

अंग्रेजी, गणित र विज्ञान मूल विषय पढेकाहरू शिक्षक हुन पाउने केन्द्रले जनाएको छ । केन्द्रका सूचना अधिकारी माधव प्रसाद दाहालले विद्यार्थी संख्या धेरै भएका तर आवश्यकताअनुसार शिक्षक नभएका विद्यालयमा स्वंयसेवक शिक्षक राख्न लागिएको बताए ।

सात सय ५३ स्थानीय तहमध्ये छ सय ६८ तहमा शिक्षक अभाव रहेकाले ति स्थानीय तहमा शिक्षकको अभाव कम गर्न स्वयमसेवक शिक्षक राख्न लागिएको सूचना अधिकारी दाहालको भनाइ छ ।

चालु आर्थिक वर्षको बजेटमा 'चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश' भन्ने नारासहित स्वंयमसेवक शिक्षक बजेटको व्यवस्था गरिएको थियो ।

स्वंयमसेवक शिक्षकले मासिक निर्वाह भत्ता पाउनेछन् । सुगम क्षेत्रको विद्यालयमा पढाउने स्नातक तह उर्त्तिण गरेको शिक्षकलाई मासिक तलब २४ हजार प्रदान गरिनेछ भने भौगोलिक क्षेत्रअनुसार दुर्गम क्षेत्रमा काम गर्नेको तलब ३० हजार छ ।

त्यस्तै स्नातकोत्तर गरेकाले सुगम क्षेत्रको विद्यालयमा पढाउँदा २६ हजार र दुर्गम क्षेत्रका विद्यालयमा पढाउँदा ३२ हजार रुपैयाँ मासिक निर्वाह भत्ता पाउनेछन् । स्वंयसेवक परिचालन कार्यविधि २०७६ अनुसार उनीहरूको सेवासुविधा तोकिएको हो ।

विद्यालयबाट नियुक्ति लिएको सात दिनभित्र पढाउन हाजिर नभए नियुक्ति स्वतः बदर हुनेछ । यस्ता शिक्षकको एक विद्यालयबाट अर्कोमा सरूवा नहुने र जागीर छाड्नु परे दुई महिना अगाडि नै जानकारी दिनुपर्नेछ । स्वंयसेवक शिक्षकले सातामा २४ पिरियड पढाउनुपर्नेछ । यस्ता शिक्षकले महिनामा एक दिन भई परिआउने र पर्व बिदा लिन पाउनेछन् ।

# कोरोना भाइरसबाट बच्न संवेदनशील बनौं : मुख्यमन्त्री

**हेटौंडा/मस-** वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले कोरोना भाइरसबाट बच्न संवेदनशील हुन अपिल गरेका छन् । एक सन्देश जारी गर्दै मुख्यमन्त्री पौडेलले कोरोना भाइरसबाट बच्न प्रदेश सरकारले पूर्वतयारी गरिरहेको पनि उल्लेख गरेका छन् ।

पौडेलले सन्देशमार्फत छिमेकी मित्रराष्ट्र चीनमा महामारीका रुपमा फैलिएको नयाँ कोरोना भाइरसको सङ्क्रमणले त्यहाँ पुऱ्याएको मानवीय क्षति तथा अर्थतन्त्रमा परेको असरप्रति दुःख व्यक्त गरेका छन् । 'यो संवेदनशील तथा दुःखद् घडीमा सिङ्गो नेपाल सरकार सँगसँगै वाग्मती प्रदेश सरकारसमेत राक्षसी भाइरससँग लडिरहेको चीनसँग सदैव साथ छ, त्यहाँ रहेका नेपाली नागरिकमा सावधानी अपनाउन अनुरोध गर्दछु', पौडेलले प्रकाशित गरेको सन्देशमा उल्लेख छ ।

उनले सन्देशमा भनेका छन्, 'कोरोना भाइरस हाल नेपालीको अत्यधिक उपस्थिति रहेको मित्रराष्ट्र दक्षिण कोरियामा समेत फैलिएको खबरले चिन्तित तुल्याएको छ । हाल यो भाइरस संसारका विभिन्न ५० भन्दाबढी देशमा फैलिरहेको यथार्थबाट हामी जहाँ रहे पनि अत्यन्तै सावधान र सजग हुनु जरुरी छ । यस्तो अवस्थामा ती देशमा रहेका नेपाली नागरिकलाई महामारीबाट जोगिन अपनाउनुपर्ने सबै प्रकारका सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछु ।'

मुख्यमन्त्री पौडेलले कोरोना भाइरसले कुनै पनि सीमा, जात र जातीयताको फरक नछुट्याउने र मुलुकको जिडिपी र विकासको स्तर पनि नहेर्ने भएकाले सबै मुलुकले निकै सतर्कता अपनाउनुपर्ने विश्व स्वास्थ्य सङ्गठनले जनाएको उल्लेख गरेका छन् ।

# मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

**वीरगञ्ज/मस-** पर्सामा मोटरसाइकलको ठक्करबाट एक बालकको ज्यान गएको छ। ज्यान गुमाउनेमा बिन्दबासिनी गाउँपालिका-४ झौवाका तीन वर्षीय बालक खुसिद आलम रहेका छन् ।

शुक्रबार बिहान साढे १० बजेको समयमा बाटोमा खेलिरहेको समयमा ना ६५ प ६४२९ नम्बरको माटरसाइकलले खुसिदलाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलको ठक्करबाट घाइते बालक आलमलाई उपचारका लागि नारायणी अस्पताल वीरगञ्जमा ल्याइएको थियो । उपचार कै क्रममा बालकको दिउँसो पौने १ बजेतिर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

ठक्कर दिने मोटरसाइकलका चालक पश्चिम चम्पारण भारत बिहार बस्ने १९ वर्षीय राजकुमार दासलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# पुस्तकमा लगाएको कर फिर्ता गर्न नेविसंघको माग

**काठमाडौं/मस-** किताब आयातमा सरकारले लगाएको कर फिर्ता लिन नेविसंघले माग गरेको छ । नेविसंघका अध्यक्ष राजीव ढुंगानाले शुक्रबार विज्ञप्ति जारी गर्दै पुस्तकमाथि लगाएको कर तत्काल फिर्ता लिन माग गरेका हुन् । सरकारले पुस्तक आयातमा १० प्रतिशत कर लगाएको छ ।

'विद्यार्थीका पाठ्यपुस्तकहरूमा समेत मूल्यवृद्धि भई विद्यार्थीको पढाइ नै महँगो भएका बेला तथा ज्ञानमा कर लगाउने कार्य भएकोले उक्त आयात कर तुरून्त खारेज गरियोस्,' ढुंगानाले निकालेको विज्ञप्तिमा भनिएको छ। साथै सरकारले इन्धनमा लगाएको कर पनि फिर्ता लिन माग गरेको छ ।

'संसदलाई छलेर इन्धनमा कर बृद्धि गर्नु आपत्तिजनक छ,' उनले भनेका छन्, 'सरकार संसदीय पद्धति नै कमजोर पार्ने खेलमा लागेकोसमेत प्रष्ट हुन्छ ।'

नेविसंघले स्वविय् निर्वाचन गराउन पनि माग गरेको छ। फागुन १४ गते हुनुपर्ने स्ववियु निर्वाचन अनिश्चितकालका लागि स्थगित गरिएको छ। नेविसंघले फागुन १८ गते आइतबार देशभरका क्याम्पस अगाडि प्रदर्शन गर्ने पनि उल्लेख गरेको छ। 'हाम्रा माग पूरा नभए थप शसक्त कार्यक्रमहरू ल्याउन बाध्य हुनेछौं,' अध्यक्ष ढुंगानाले निकालेको विज्ञप्तिमा भनिएको छ।

# कर्णाली पर्यटन बोर्ड सञ्चालनमा ढिलाइ



**सुर्खेत/रासस-**कर्णाली प्रदेश सरकारले 'नेपाल भ्रमण वर्ष २०२०' मा एक लाख पर्यटक भित्रयाउने लक्ष्य लिएको छ । गएको पुस १६ गते अर्थात् २०२० जनवरी १ मा नेपाल भ्रमण वर्षको शुभारम्भ गरेसँगै कर्णाली प्रदेशको पर्यटन प्रवर्द्धन गर्न सरकारले कर्णाली पर्यटन बोर्डसमेत गठन गरिसकेको छ ।

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले गठन गरेको बोर्डको पहिलो बैठकसमेत बस्न सकेको छैन । सरकारले गठन गरेको पर्यटन बोर्ड र त्यसको कार्य तदारुकताका साथ कार्यान्वयन हुन भने ढिलाइ भएको छ। मूलतः बोर्डको कार्यकारी अधिकृत नियुक्त हुन नसकेका कारण यसअन्तर्गत निर्दिष्ट काम सञ्चालन हुन नसकेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा कृष्णप्रसाद आचार्यले राससलाई जानकारी दिए । 'हामीले बोर्डको कार्यकारी अधिकृत पदका लागि खुला प्रतिस्पर्धाबाट लिने गरी १५ दिनको म्याद राखेर यही फागुन ५ गते दर्खास्त आह्वान गरेका छौँ', सचिव डा आचार्यले भने, "अहिलेसम्म कसैको दर्खास्त परेको छैन ।" कर्णाली पर्यटन बोर्डको निर्देशक छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७६ बमोजिम मापदण्ड पुगेर आएका उम्मेदवारलाई छनोट गरिने उनले बताए ।

उनले थपे, 'उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नन्दसिंह बुढाको अध्यक्षतामा गठित १५ सदस्यीय बोर्डबाटै काम गर्ने भनेर मन्त्रालयले रु एक करोड ७० लाख बजेट पनि विनियोजन गरेको छ ।' भौगोलिक विकटता र यस प्रदेशका १० वटै जिल्लामा पर्यटनका आवश्यक संरचना निर्माण हुन नसक्दा काममा जटिलता आएको उनको भनाइ थियो ।

उनका अनुसार जिल्ला समन्वय समितिसँग समन्वय गरेर पर्यटन प्रवर्द्धनका काम गर्न शुरु गरिएको छ । मन्त्रालयका पर्यटन शाखाका शाखा अधिकृत अञ्जु चौधरीले १० जिल्लामा रहेका डिभिजनल वन कार्यालयबाट पर्यटनका योजना कार्यान्वयन गर्ने काम भइरहेको बताए । यद्यपि डिभिजनल वन कार्यालयमा पर्यटनसँग सम्बन्धित क्षेत्रको कर्मचारी अभावका कारण कार्यक्रममा प्रभावकारिता आउन नसकेको उद्योग मन्त्रालय कर्णाली प्रदेशले जनाएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी: IOI PLANTATION SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७५४ LT. No.: 233127 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 55 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, Web.www.skymanpower.com
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com



## मलेसियामा रोजगार
कम्पनी: RESTORAN MAKANAN LAUT VILLAGE
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/१६ चलानी नं.: ६०१५२६३६ LT. No.: 234314

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 4 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.**
कमलपोखरी, काठमाडौं, नेपाल, फोन: ४४१२६५०



## मलेशियामा रोजगार
कम्पनी: SENA DIECASTING INDUSTRIES SDN.BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/०४ चलानी नं.: ६०१५१८०९ LT. No.: 233341 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 27 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. उमेर २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ४३६३३५८, ४३६४४१०, ४३८७४०२, फ्याक्स: ४३६३७४८
E-mail: info@bsoverseasnepal.com, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी



## MALAYSIA मा रोजगार
कम्पनी : PRIMER CAPITAL SDN BHD
शहर : PERAK

पूर्व स्वीकृत मिति: २०७६/०९/२८ चलानी नं.: ६०१५००२३ L.T. No.: 231058 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 3 | 0 | स. काममा दक्ष | 1100 | २९,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २४ गते (7 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Empower Human Resources Management Pvt. Ltd.**
Sinamangal close to Pancha kumari temple, Kathmandu, Nepal, Tel.: 00977- 4488265
Mob.: 9814048923, 9819063243, 9813657032, 9808658844, 9851071436
9851190570, 9855016639, Email: empowerhr1150@gmail.com
Gov. Lic No. 1150/073/074



## Kuwait मा रोजगारको अवसर
कम्पनी: LE CORNER RESTAURANT AND CAFE COMPANY., Kuwait

पूर्व स्वीकृती मिति २०७६।११।१६ चलानी नं.६०१५२६०३ LT.No. 233921

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour(indoor) | 05 | - | काममा दक्ष | 80 | २९,८२०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cafe Labour(Indoor) | 09 | - | | 80 | २९,८२०।- | | | | | | | |
| 3 | Cook | 07 | - | | 125 | ४६,५९५।- | | | | | | | |
| 4 | Waiter | 04 | - | | 100 | ३७,२७५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | रु १०,०००/ |

फाइनल अन्तर्वार्ता २०७६ फाल्गुन २४ गते (7 March., 2020) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला।

**फोकस नेपाल ओभरसिज प्रा. लि.**
श्रम इजाजत न. ७६८/०६५/०६६
सिनामंगल, काठमाण्डौ,फोन नं.:- ०१-४४७९२९७ र ४४८९०२८



## Saudi मा वैदेशिक रोजगारको अवसर
१. कम्पनी : GEEK BURGER
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१६ चलानी नं.: ६०१५२६९४ LT. No.: 234149

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३०,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MARYAM ALI MOHAMMED AL ABDUL AZIZ LAUNDRY शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/१०/२३ चलानी नं.: ६०१५१३३१ LT. No.: 232610 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ironing Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु संग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



## साउदीमा रोजगारको अवसर
कम्पनी : MALIN MEDICAL COMPANY
शहर: RIYADH

पूर्व स्वीकृति मिति: २०७६/११/१६ चलानी नं.: ६०१५२६०९ L.T. No.: 233976

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Nurse | 0 | 1 | स. काममा दक्ष | 3000 | ९१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, (वेलनेस हस्पिटलको अगाडी) काठमाडौं
फोन: ४३७९०४७, ४३७९०९१ फ्याक्स: ४०१७६१६, Email: ayushintl007@gmail.com



## मलेशियामा रोजगार
कम्पनी : WONG SENG KONG (900313-08-5599)
शहर: PAHANG

पूर्व स्वीकृत मिति: २०७६/१०/०९ चलानी नं.: ६०१५०८४४ LT. No.: 231227 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farming Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २३ गते (6 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE**
Govt. Lic. No.: 821/066/067
**लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.**
टोखा-१०, सामाखुसी, काठमाडौं, (अपोजिट पुलिस पेट्रोल पम्प) फोन : ४३५६६५४, ४३५५९७८, मो.: ९८४९६६४९७१
Email: linkinternationalnepal@gmail.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# खरका छाना हटाउँदै कर्कटपाता टल्काउँदै रिब्दीकोट

**कृष्ण दर्नाल/रासस–** पाल्पाको रिब्दीकोट गाउँपालिकामा १६१ खरका छाना भएका घर छन् । चालू आर्थिक वर्षको साउनमा २२६ खरका छानामध्ये हाल ६५ घरमा कर्कटपाताको छाना लगाइएको छ । दक्ष कामदारको अभाव, वर्षेनी खर्च बढ्दो, खर तथा डाडाभाटाको अभावसँग जुध्नुपर्ने बाध्यता रहेकोमा गाउँपालिकाले कर्कटपाताले छाना टल्काउन थालेपछि खरका घर भएका परिवारका सदस्य खुशी देखिएका छन् ।

गाउँपालिकाको आर्थिक सहयोगमा खरका छाना हटाइ कर्कटपाताले छाएपछि घरका छाना टल्किन थालेको हो । गाउँपालिका अध्यक्ष नारायणबहादुर जिसीले चालू आवको असार मसान्तसम्म बाँकी खरका छाना हटाएर कर्कटपाताले छाउने कार्यक्रम रहेको बताए ।

चालू आवको माघ महिनासम्म वडा नं २, ३ र ५ मा खरका छाना पूर्णरुपमा हटाइएको छ । वडा २ मा दुई आवमा १५ घर खरको छानामुक्त बने । घर खरको छानामुक्त बनाउन वडाले ३६० कर्कट पाता स्थानीय बासिन्दालाई वितरण गरेको थियो ।

वडा नं ३ मा २७ घर खरका छाना रहेकामा सबैमा कर्कटपाताले छाइएको छ । वडा नं ५ मा आव २०७५/०७६ मा ३३ खरका छाना हटाइ कर्कटपाताले छाइएको छ । आव २०७६/०७७ मा गाउँपालिकाभित्रका ६१ घरका खरका छाना हटाइ कर्कटपाता लगाउने काम भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम अर्यालले बताए । आव २०७५/०७६ मा २० लाख बजेटमार्फत ९१ घरमा खरका छाना विस्थापित गरी कर्कटपाताका छाना लगाउने काम भएको छ । आव २०७६/०७७ मा ३७ लाखमा २२६ खरका छानामुक्त बनाउन काम अघि बढेको छ ।



आव २०७५/०७६ मा वडा नं १ मा ५४६ मध्ये २७ घर खरका छानाका छन् । त्यसमध्ये १४ घर कर्कटपाताले छाइएको छ । वडा नं २ का ६२९ र ३ नं वडाका ५५५ घरमा कर्कटपाताको छाना लगाइएको छ ।

त्यस्तै ४१३ घर रहेको वडा ५ कुखुमखोला खर छानामुक्त भएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा ३३ घर कर्कटपाता वितरण पछि खरका छाना हटाइ कर्कटपाताले टल्किन थालेका हुन् । छ नम्बर वडाका ५७८ मध्ये ६७ घर छाना खरको थियो । तीमध्ये १८ घरमा स्थानीय सरकारको सहयोगमा कर्कटपाता लगाउने काम भएको छ । बाँकी ४९ घरमा खरका छाना हटाउने कार्यक्रम रहेको छ । वडा नंमा ७ मा २४ घरका छाना कर्कटपाता लगाइएकोमा २२ घरमा खरका छाना छन् । सो वडामा ६५५ घर छन् । वडा ८ मा पहिलो चरणमा २३ र दोस्रो चरणमा १२ घरमा खरका छाना हटाइ कर्कट पाताको छाना लगाउने काम भएको छ । कूल ६५ खरका छानालाई विस्थापित गरी कर्कटपाता प्रदान गरी खरका छानामुक्त बनाउन थालेको वडाध्यक्ष नारायण बहादुर लाम्टाङगेले जानकारी दिए ।

स्थानीय सोहरकी ६५ वर्षीय देवी बगाले पहिलो पटक कर्कटपाताको छाना रहेको घरमा रात बिताउन पाउँदा खुशी छन् । वर्षेनी घर छाउनुपर्ने र पैसाको अभावमा पिरलीनुपर्ने समस्या थियो । आर्थिकरुपमा विपन्न समुदायका नागरिकलाई गाउँपालिकाको सहयोगमा खरका छानालाई कर्कटपाता प्रदान गरी घर टल्काउन थालेपछि स्थानीय सरकारको महत्व बढेको छ । रम्भा गाउँपालिकाले चालू आव २०७६/०७७ मा ३३३ घरमा खरका छाना हटाएर पूर्णरुपमा खर छानामुक्त अभियान थालेको छ । गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले खरका छाना हटाइने बताए । गाउँपालिकाभित्र झण्डै चार हजार ५०० घर छन् । यस आवको अन्तिममा गाउँपालिकालाई खरका छानामुक्त घोषणा गर्न ७० लाख बजेट रहेको अध्यक्ष भण्डारीले बताए । गाउँपालिकाले प्रत्येक वडामा कर्कटपाता पठाएको छ । खरका छाना हटाएर वडामा कर्कटपाताको माग गर्न आएपछि स्थानीय तहबाट कर्कटपाता हस्तान्तरण गरिन्छ ।

# वडा कार्यालयलाई जग्गादान

**म्याग्दी/रासस–** म्याग्दीको धौलागिरि गाउँपालिका–६ मराङको वडा कार्यालय भवन निर्माण गर्न लिलबहादुर पुन र थमबहादुर पुनले तीन रोपनी जग्गा उपलब्ध गराएका छन् । कुम्रीमा भवन बनाउन पुनद्वयले उपलब्ध गराउनुभएको जग्गाको मूल्य स्थानीय बजार भाउअनुसार चार लाख अनुमान गरिएको वडाध्यक्ष राजाराम सुवेदीले बताए । लिलबहादुरले एक रोपनी छ आना जग्गा बिहीबार मालपोत कार्यालयबाट वडा कार्यालयको नाममा पास गरिदिएका हुन् । जग्गा उपलब्ध गराउने घोषणा र समझदारी गरिसक्नुभएका थमबहादुरबाट राजीनामा पास हुने प्रक्रियामा छ ।

जग्गा व्यवस्थापन गरेर भवन निर्माणको तयारी गरिएको वडाध्यक्ष सुवेदीले बताए । हाल मराङको वडा कार्यालय कुम्रीस्थित प्रगतिशील आमा समूहको भवनबाट सञ्चालन हुँदै आएको छ । वडा कार्यालय भवन बनाउन आगामी वर्षका लागि बजेट माग गरिने वडाध्यक्ष सुवेदीले बताए ।

धौलागिरि गाउँपालिकाको अधिकांश वडा कार्यालयको आफ्नै भवन छैन । मुनास्थित तत्कालीन मुना गाविसको भवनमा गाउँपालिकाको कार्यालय राखिएको छ । पुरानो सामुदायिक भवनको एउटा कोठामा वडा कार्यालय सञ्चालन भएको छ ।

गुर्जाको वडा कार्यालय सामुदायिक भवनबाट सञ्चालन भएको छ । लुलाङको वडा कार्यालय भवन बनाउन जग्गा व्यवस्थापन गरी ठेक्का प्रक्रिया शुरु गरिएको अध्यक्ष थमसरा पुनले बताइन् ।

# पत्रकार पराजुलीको कथासङ्ग्रह ‘कुमाता’

**चितवन, मस–** पत्रकार वसन्त पराजुलीको ‘कुमाता’ कथासङ्ग्रह प्रकाशित भएको छ । सामाजिक यथार्थवादी विषयवस्तु समेटेर तयार पारिएको पराजुलीका कथासङ्ग्रहलाई भुँडीपुराण प्रकाशन प्रालिले बजारमा ल्याउन लागेको हो । अहिले पुस्तकको छपाइको काम सम्पन्न भएको प्रालिका प्रबन्ध निर्देशक केशव पराजुलीले जानकारी दिए । ‘हामी एक हप्ताभित्रै बजारमा ल्याउने गरी गृहकार्य गरिरहेका छौँ’, उनले भने ।

‘कुमाता’मा सङ्ग्रहित दश कथा फरकफरक विषयवस्तुका छन् । कथाले नेपाली समाजलाई जीवन्तरुपमा उतार्ने प्रयास गरेको कथाकार पराजुलीले जानकारी दिए । ‘कथामा समेटिएका विषयवस्तु र पात्रहरु हाम्रै छरछिमेक र समाजमा भएका घटनाजस्ता लाग्छन्, त्यसैले यो सङ्ग्रहभित्रको कथा हरेक व्यक्तिले आफ्नै समस्या हो कि भन्ने महसुस गर्छ’, पराजुलीले भने । गरिबी, वैदेशिक रोजगारी, प्रेम, विश्वास, यौन, धोका, जेलजस्ता सन्दर्भ कथाका वरिपरि रहेका छन् । यी कथाले कतिपय समाजमा देखिएका र कतिपय नदेखिएका सत्यलाई पनि उजागर गरेका छन् ।

वरिष्ठ सहित्यकार एवं लघुकथा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ रोदनले कथासङ्ग्रहमा भूमिका लेख्दै मानवीय जीवनका महत्वपूर्ण पाटालाई गतिलोसँग केलाउन कथाकार सक्षम देखिएको बताए । लेख्छन्, ‘अधिकांश कथामा पुरुष वैदेशिक रोजगारीमा गएको, विश्वासघात गरेको देखाइएको छ भने नारी पात्रले छिटो विश्वास गर्ने गरेको, धोका पाएको र यौनकुण्ठा देखाइएका छन् ।’ विषयवस्तु र परिवेशलाई सहज एवं सम्प्रेषणीय बनाइएकाले पराजुलीको उक्त सङ्ग्रह आधुनिक नेपाली कथा क्षेत्रमा नयाँ गोरेटो बनेको उहाँले बताउनुभयो । कूल १० कथा र ११२ पृष्ठको उक्त सङ्ग्रहको मूल्य २०० छ । पराजुली झण्डै दुई दशकदेखि ‘गोरखापत्र’ दैनिकमा आबद्ध छन् भने त्यसभन्दा बढी समयदेखि स्थानीय ‘चितवन पोष्ट’ दैनिकमा कार्यरत छन् । पराजुलीले राष्ट्रिय र स्थानीयपत्र पत्रिकामा समय सन्दर्भअनुसारका विषयवस्तुमा लेख लेख्दै आएका छन् ।


त्रिभुवन विश्वविद्यालय

**समाजशास्त्र केन्द्रीय विभाग**

कीर्तिपुरको सूचना ।

प्रकाशित मिति २०७६।११।१७

यस विभागको प्रशासनिक एवं शिक्षण भवन अगाडिको परिसरमा फुल विरुवासहितको बगैंचा निर्माण, कन्फेरेन्स हल रिनोभेसन, डेस्क र कुर्ची निर्माण, प्रशासनिक एवं शिक्षण भवनको रंगरोगन गर्नु पर्ने भएकोले विभागमा उपलब्ध मापदण्डको अनुसारको जमीन निर्माण, रुखविरुवा र फुलसहितको बगैंचा निर्माण, कन्फेरेन्स हल रिनोभेसन, डेस्क र कुर्ची निर्माण, प्रशासनिक एवं शिक्षण भवनको रंगरोगनको अनुभव र दखल भएका सम्बन्धित व्यक्ति, फर्म/कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अलग अलग सिलबन्दी दरभाउपत्र (कोटेशन) उपलब्ध गराउन यो सूचना प्रकाशन गरिएको छ । अन्य विस्तृत विवरणको लागि विभागमा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।



## मलेसियामा रोजगार

१. कम्पनी : FORMOSA SHYEN HORNG METAL SDN BHD — शहर : PERAK

पूर्व स्वीकृत मिति: २०७६/११/१५ — चलानी नं.: ६०१५२६३८ — L.T. No.: 234099

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SKS PERUSAHAAN SARA SND.BHD. — शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/१५ — चलानी नं.: ६०१५२६३९ — L.T. No.: 234098

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**

पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com

फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

श्रम इजाजत नं. १६३/०६६/०६७



## कतारमा रोजगार

कम्पनी : AL WATANIA STEEL FOR SECTIONS — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/१५ — चलानी नं.: ६०१५२५९५ — L.T. No.: 233993

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | Technician | 5 | 0 | | 1100 | ३४,५०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २४ र २५ गते (7 & 8 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**

बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१

E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np



## मलेसियामा रोजगार

कम्पनी : HORIZON INDUSTRIES SDN BHD — शहर: PENANG

पूर्व स्वीकृत मिति: २०७६/११/१६ — चलानी नं.: ६०१५२६०१ — L.T. No.: 233685

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 5 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २४ गते (7 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**PEOPLE H.R.S. PVT. LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617

Gov. Lic No. 1475/074/075 Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org



## UAE मा रोजगारको अवसर

कम्पनी : D V N TECHNICAL SERVICES — शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/१५ — चलानी नं.: ६०१५२५४३ — L.T. No.: 232940

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 March 2020) मा हुनेछ ।

